# आ.व. २०८२/०८३ का केही कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धी कार्यविधि,२०८२

ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाबाट आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यक्रमहरुलाई मितव्ययी, पारदर्शी र नतिजामुखी रुपमा कार्यान्वयन गर्न ऐसेलुखर्क गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भ र लागू हुने अवधिः** (१) यस कार्यविधिको नाम "आ.व. २०८२/०८३ का केही कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएतापनि कार्यविधि पछि स्वीकृत भएको भएको अवस्थामा स्वीकृत हुनु अगावै आर्थिक वर्ष २०८२/०८३ को साउन १ गतेदेखि यस कार्यविधिको उद्देश्य अनुरूप भए/गरेका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए/गरेको मानिनेछ।

(३) यो कार्यविधि आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन प्रयोजनका लागि मात्र बहाल रहनेछ।

(५) यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रम, बजेट उपशीर्षक, क्रियाकलाप संकेत र विनियोजित बजेट देहाय बमोजिमका १७ ओटा हुनेछन्ः

| बजेट उपशीर्षकको नाम | क्रियाकलाप संकेत नं | कार्यक्रमको नाम | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| ऐसेलुखर्क गाउँपालिका | १६२.२२.१.३० | गाउँपालिकामा कार्यरत इन्जिनियर, सब-इन्जिनियर, अ.सब-इन्जिनियर, खानेपानी सव टेक्निसियन कर्मचारीहरुको सुरु तलब | १५,००,०००.०० | |

| बजेट उपशीर्षकको नाम | क्रियाकलाप संकेत नं | कार्यक्रमको नाम | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| | | भत्ताको ५० प्रतिशत फिल्ड भत्ता | | |
| | १६२.२२.१.१ | विभिन्न आर्थिक सहायता | ५,००,०००.०० | |
| ऐसेलुखर्क गाउँपालिका, स्वास्थ्य | १६२.२२.१.२७४ | प्राथमिक स्वास्थ्य केन्द्र इमर्जेन्सी संचालन कर्मचारीलाई भत्ता (मेडिकल अधिकृत-१०० %, १ जना कार्यालय सहयोगी लाई-मासिक १०००० का दरले) | ६,९६,०००.०० | |
| | १६२.२२.१.२७३ | जेष्ठ नागरिक, दीर्घरोगी, अपाङ्गहरुसँग स्वास्थ्यकर्मी कार्यक्रम | १,५०,०००.०० | |
| ऐसेलुखर्क गाउँपालिका, शिक्षा | १६२.२२.१.२९५ | एस.इ.इ. र कक्षा ८ को लागि अंग्रेजी, गणित र विज्ञान विषयको लागि थप अतिरिक्त कक्षा सञ्चालन अनुदान | ३,५०,०००.०० | |
| | १६२.२२.१.२९६ | विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन खर्च अनुदान | ४,००,०००.०० | |
| ऐसेलुखर्क गाउँपालिका, कृषि | १६२.२२.१.२८९ | तोरी प्रशोधन मिल स्थापना (५०% सहयोग) | ३,००,०००.०० | |
| | १६२.२२.१.२८४ | अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकरण कार्यक्रम (पावर टिलर, थ्रेसर, कम्बाइन मिल, चाँफ कटर) ८०% सहयोग | ७,९५,०००.०० | |

| **बजेट उपशीर्षकको नाम** | **क्रियाकलाप संकेत नं** | **कार्यक्रमको नाम** | **बिनियोजित बजेट** | **कैफियत** |
|---|---|---|---|---|
| | १६२.२२.१.२८७ | घाँस खेती विस्तार कार्यक्रम | १,००,०००.०० | |
| | १६२.२२.१.२८३ | किवी थाक्रा सहयोग कार्यक्रम (५०% सहयोग) | ६,००,०००.०० | |
| | १६२.२२.१.२८८ | व्यावसायिक तेलहन बाली उत्पादनमा अनुदान कार्यक्रम | ७,५०,०००.०० | |
| | १६२.२२.१.२९० | मसला बाली उत्पादन अनुदान (प्याज, खोर्सानी, अदुवा) | २,००,०००.०० | |
| | १६२.२२.१.२८६ | अलैंची सुकाउने भट्टी सुधार (५०% सहयोग) | १,५०,०००.०० | |
| ३ नं वडा | १६२.२२.१.१६९ | एक घर एक करेसाबारी कार्यक्रम योजना | ४,००,०००.०० | |
| ५ नं वडा | १६२.२२.१.२१२ | कृषि प्रवर्धन कार्यक्रम | ५०,०००.०० | |
| ६ नं वडा | १६२.२२.१.२३४ | कृषि प्रवर्धन कार्यक्रम | १,००,०००.०० | |
| ७ नं वडा | १६२.२२.१.२६४ | किवी थाक्रा व्यवस्थापन तथा सिंचाई ५० प्रतिशत अनुदान | २,००,०००.०० | |

**२. उद्देश्यः** (१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

क. विनियोजन ऐन, २०८२ बमोजिम गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न विषयगत कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया, मापदण्ड र भुक्तानी विधिमा एकरूपता सरलता र स्पष्टता कायम गर्नु,

ख. सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र औचित्यपूर्ण बनाउँदै स्रोत र साधनको दुरुपयोग तथा कार्यक्रमहरूमा हुने दोहोरोपना अन्त्य गरी वित्तीय सुशासन कायम गर्नु,

ग. परम्परागत रूपमा सञ्चालन हुँदै आएका वितरणमुखी र अनुदानमा आधारित कार्यक्रमहरूलाई प्रक्रियागत रूपमा सुधार गरी वस्तुनिष्ठ, मापनयोग्य र नतिजामुखी बनाउनु,

घ. प्राविधिक जनशक्तिलाई आयोजना स्थलमा जिम्मेवार बनाई निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्नुका साथै शिक्षा, स्वास्थ्य र कृषि सेवालाई जनमुखी र प्रभावकारी बनाउनु,

ङ. स्थानीय स्रोत साधनको परिचालन, कृषि यान्त्रिकरण र व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

च. विपद्मा परेका, असाहाय, जेष्ठ नागरिक तथा लक्षित वर्गलाई तत्काल राहत तथा सामाजिक सुरक्षा प्रदान गर्नु।

**३. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले ऐसेलुखर्क गाउँपालिका सम्झनुपर्छ।

ख. "कार्यपालिका" भन्नाले ऐसेलुखर्क गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ।

ग. "अध्यक्ष" भन्नाले ऐसेलुखर्क गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ र यो शब्दले अध्यक्षको अनुपस्थितिमा कार्यवाहक भई काम गर्ने व्यक्तिलाई समेत जनाउँछ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ऐसेलुखर्क गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा कार्यरत कर्मचारी सम्झनुपर्छ र यो शब्दले निमित्त भई सो पदको जिम्मेवारी वहन गर्ने कर्मचारीलाई समेत जनाउँछ।

ङ. "वडा कार्यालय" भन्नाले ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका सम्बन्धित वडा कार्यालयहरू सम्झनुपर्छ।

च. "शाखा" भन्नाले गाउँपालिकामा रहेका विषयगत शाखाहरू (सामान्य प्रशासन, आर्थिक प्रशासन, योजना, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि तथा पशु सेवा शाखा आदि) सम्झनुपर्छ।

छ. "कर्मचारी" भन्नाले गाउँपालिका तथा मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा कार्यरत स्थायी, करार तथा अस्थायी कर्मचारी सम्झनुपर्छ।

ज. "प्राविधिक कर्मचारी" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत भौतिक पूर्वाधार शाखामा कार्यरत इन्जिनियर, सब-इन्जिनियर, असिस्टेन्ट सब-इन्जिनियर तथा खानेपानी सब-टेक्निसियन सम्झनुपर्छ।

झ. "कार्यक्रम" भन्नाले ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत भई यस कार्यविधिको अनुसूचीमा उल्लेख भएका विषयगत कार्यक्रम तथा आयोजनाहरू सम्झनुपर्छ।

ञ. "फिल्ड" भन्नाले गाउँपालिकाको कार्यालय वा वडा कार्यालयको भवन हाताभन्दा बाहिर सञ्चालन हुने योजना तथा कार्यक्रमको सर्वेक्षण, लागत अनुमान, नापी, गुणस्तर परीक्षण र अनुगमन गरिने भौगोलिक कार्यस्थल सम्झनुपर्छ।

ट. "फिल्ड समय" भन्नाले प्राविधिक कर्मचारी कार्यालयबाट योजना स्थलतर्फ प्रस्थान गरेको समयदेखि कार्यसम्पन्न गरी कार्यालय वा बासस्थानमा फर्किएको अवधिलाई सम्झनुपर्छ।

ठ. "आर्थिक वर्ष" भन्नाले आर्थिक वर्ष २०८२/०८३ सम्झनुपर्छ।

ड. "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने लक्षित वर्ग, कृषक, कृषक समूह, सहकारी, विद्यार्थी, बिरामी वा समुदाय सम्झनुपर्छ।

ढ. "अनुसूची" भन्नाले यस कार्यविधिको अन्त्यमा जोडिएका अनुसूचीहरू सम्झनुपर्छ।

ण. "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि वा गाउँ कार्यपालिकाले निर्णय गरी तोकेको प्रक्रिया सम्झनुपर्छ।

त. "अनुदान " भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका लाभग्राहीलाई कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले उपलब्ध गराउने नगद रकम वा जिन्सी सामग्री सम्झनुपर्छ।

थ. "लागत साझेदारी" भन्नाले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा गाउँपालिकाले बेहोर्ने बाहेक लाभग्राही स्वयम्ले अनिवार्य रूपमा बेहोर्नुपर्ने नगद, श्रमदान वा सामग्रीको हिस्सा सम्झनुपर्छ।

द. "कृषक समूह" भन्नाले गाउँपालिकाको कृषि/पशुपन्छी शाखा वा सम्बन्धित सरकारी निकायमा विधिवत दर्ता भई नवीकरण भएको स्थायी लेखा नम्बर प्राप्त कृषकहरूको समूह वा सहकारी संस्था सम्झनुपर्छ।

ध. "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय वा गाउँपालिकाको व्यवसाय दर्ता शाखामा दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरेको निजी व्यावसायिक संस्था सम्झनुपर्छ।

न. "दीर्घरोगी" भन्नाले क्यान्सर, मुटु रोग, मृगौला रोग, पार्किन्सन, अल्जाइमर, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया जस्ता नेपाल सरकारले कडा रोग भनी तोकेका रोग वा नियमित औषधि सेवन गरिरहनुपर्ने बिरामी सम्झनुपर्छ।

ऩ. "आकस्मिक सेवा (Emergency Service)" भन्नाले प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्कबाट चौबीसै घण्टा प्रवाह हुने स्वास्थ्य उपचार सेवा सम्झनुपर्छ।

प. "पकेट क्षेत्र" भन्नाले गाउँपालिकाले कृषि वा पशुपालनका लागि सम्भाव्य भनी तोकेको वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत घोषणा भएको विशिष्ट भौगोलिक क्षेत्र सम्झनुपर्छ।

फ. "सिफारिस" भन्नाले लाभग्राहीको पहिचान, आवश्यकता र औचित्य पुष्टि गर्न सम्बन्धित वडा अध्यक्ष, वडा समिति वा विषयगत शाखा प्रमुखले दिने लिखित राय वा पत्र सम्झनुपर्छ।

ब. "अनुगमन समिति" भन्नाले गाउँपालिका स्तरीय अनुगमन समिति वा सम्बन्धित कार्यक्रमको प्रभावकारिता जाँच गर्न वडा वा गाउँपालिका स्तरमा गठन भएको संयन्त्र सम्झनुपर्छ।

भ. "काज" भन्नाले गाउँपालिकाको कामको सिलसिलामा अधिकारप्राप्त अधिकारीको आदेशले कार्यालय वा तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई काममा खटिएको अवस्था सम्झनुपर्छ।

म. "परिवार" भन्नाले लाभग्राही र निजसँग एकासगोलमा रहेका पति, पत्नी, छोरा, बुहारी, अविवाहित छोरी, धर्मपुत्र, धर्मपुत्री, आमा, बाबु वा निजलाई पालनपोषण गर्नुपर्ने हकवाला सम्झनुपर्छ।

य. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी गाउँपालिका भित्र सञ्चालनमा रहेका र समुदायको व्यवस्थापनमा रहेका विद्यालय सम्झनुपर्छ।

र. "सार्वजनिक बिदा" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको बिदा र गाउँपालिकाले स्थानीय बिदा भनी घोषणा गरेको दिन सम्झनुपर्छ।

## परिच्छेद - २

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

**४. प्राविधिक कर्मचारी फिल्ड भत्ता व्यवस्थापनः**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.३०, विनियोजित रकम पन्ध्र लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी प्राविधिक कर्मचारीहरूलाई फिल्ड प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

(२) यो भत्ता वितरण गर्नुको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछः

क. गाउँपालिकामा सञ्चालन हुने पूर्वाधार, खानेपानी तथा अन्य प्राविधिक प्रकृतिका आयोजनाहरूको लागत अनुमान, गुणस्तर नियन्त्रण र नापी कार्यलाई प्रभावकारी बनाउनु,
ख. प्राविधिक कर्मचारीहरूलाई कार्यालय कोठाभन्दा आयोजना स्थलमा सक्रिय रूपमा खटाई कार्यसम्पादनमा सुधार र नतिजा सुनिश्चित गर्नु,
ग. प्राविधिक जनशक्तिलाई थप प्रोत्साहन प्रदान गरी जवाफदेही बनाउनु।

(३) यो सुविधा वडा कार्यालयमा कार्यरत प्राविधिक बाहेक गाउँ कार्यपालिकाको कार्यालय, भौतिक पूर्वाधार शाखामा कार्यरत इन्जिनियर, सब—इन्जिनियर, अ.सब—इन्जिनियर तथा खानेपानी सब—टेक्निसियन कर्मचारीहरूलाई प्रदान गर्नुपर्नेछ।

(४) तोकिएको मापदण्ड पूरा गर्ने कर्मचारीलाई निजको मासिक सुरु तलब स्केलको पचास प्रतिशतमा नबढ्ने गरी फिल्ड भत्ता उपलब्ध गराइनेछ।

(५) यस कार्यक्रमको विस्तृत सञ्चालन विधि, योग्यताका सर्तहरू र बन्देजहरू अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(६) भत्ता दाबी गर्नका लागि कर्मचारीले पेश गर्नुपर्ने विस्तृत प्रतिवेदन र फारमको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

## ५. आर्थिक सहायता तथा राहत व्यवस्थापनः

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.१, विनियोजित रकम रु. पाँच लाखबाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) देहायका क्षेत्र तथा अवस्थामा मात्र आर्थिक सहायता उपलब्ध गराइनेछ :

क. आगलागि, बाढी, पहिरो जस्ता विपदमा परेका, कडा रोग लागेका विपन्न नागरिक, बेवारिसे शव व्यवस्थापन वा असाहायको संरक्षणका लागि।
ख. परम्परागत जात्रा, मेला, भाषा, संस्कृति संरक्षण वा सामाजिक सद्भाव कायम राख्ने कार्यक्रमका लागि।

(३) सहायताको सीमा र बन्देजः

क. एउटै व्यक्ति, परिवार वा संस्थालाई एक आर्थिक वर्षमा एक पटक भन्दा बढी सहायता प्रदान गरिने छैन।

ख. एक लाभग्राहीलाई प्रदान गरिने सहायताको अधिकतम सीमा रु. एक लाख भन्दा बढी हुने छैन।

ग. गाउँपालिकाको "विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि" बमोजिम राहत वा सुविधा प्राप्त गर्ने वा गरेका लाभग्राहीलाई यस कार्यक्रमबाट पुनः आर्थिक सहायता उपलब्ध गराइने छैन।

(४) उपदफा (२) र (३) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, कुनै विशेष कारण परी ऐसेलुखर्क गाउँपालिका भन्दा अन्यत्र (बाहिर) को क्षेत्रमा राहत वा सहयोग उपलब्ध गराउनुपर्ने अवस्था सिर्जना भएमा वा गम्भीर मानवीय विपत्तिका कारण कार्यपालिकाले सहयोग गर्नु औचित्यपूर्ण र आवश्यक ठानेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(५) आर्थिक सहायताको रकम स्वीकृत गर्ने अधिकार देहाय बमोजिम हुनेछ :

क. दस हजार रुपैयाँ सम्मः प्रमुख प्रशासकीय अधिकृत वा कार्यालय प्रमुखस्तरीय निर्णयबाट।

ख. बीस हजार रुपैयाँसम्मः गाउँपालिका अध्यक्ष वा अध्यक्षस्तरीय निर्णयबाट।

ग. बीस हजार एक रुपैयाँ देखि एक लाखसम्मः गाउँ कार्यपालिकाको निर्णयबाट।

(६) यस सम्बन्धी पेश गर्नुपर्ने कागजात र भुक्तानी प्रक्रिया अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

**६. प्राथमिक स्वास्थ्य केन्द्र आकस्मिक सेवा भत्ता व्यवस्थापनः**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२७४, विनियोजित रकम छ लाख छ्यानब्बे हजार रुपैयाँबाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यस कार्यक्रमको मुख्य उद्देश्य ऐसेलुखर्क गाउँपालिकाको भौगोलिक विकटताका बीच प्राथमिक स्वास्थ्य केन्द्रबाट २४ सै घण्टा आकस्मिक सेवा प्रवाह सुनिश्चित गर्नु तथा सीमित जनशक्तिका बाबजुद अतिरिक्त समयमा खटिने स्वास्थ्यकर्मीलाई सेवामा तत्पर रहन र उत्तरदायित्व वहन गर्न प्रोत्साहन गर्नु रहेको छ।

(३) यो सुविधा प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्कमा कार्यरत तथा २४ सै घण्टा आकस्मिक सेवा सञ्चालनमा प्रत्यक्ष रूपमा खटिने तथा स्वास्थ्य केन्द्र हातामा रही "अन-कल" रुपमा खटिने देहायका कर्मचारीलाई देहाय बमोजिमको दरमा उपलब्ध गराइनेछ :

क. मेडिकल अधिकृत (१ जना): नेपाल सरकारको मासिक सुरु तलब स्केलको १०० प्रतिशत।

ख. कार्यालय सहयोगी (१ जना): मासिक एकमुष्ट रु. १०,०००।— (दस हजार)।

(४) सम्बन्धित कर्मचारी बिदामा बसेको, काजमा गएको, तालिममा सहभागी भएको वा अन्य कुनै कारणले सेवामा अनुपस्थित भएको अवधिको भत्ता दामासाही आधारमा कट्टी गर्नुपर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि, कर्मचारीले सार्वजनिक बिदाको दिन समेत केन्द्रमा उपस्थित भई आकस्मिक सेवा प्रदान गरेको र सो बापत सट्टा बिदा नलिएको अवस्थामा सो दिनको भत्ता कट्टी गरिने छैन।

(६) प्रत्येक महिना समाप्त भएपछि प्राथमिक स्वास्थ्य केन्द्र प्रमुखले कर्मचारीको हाजिरी र ड्युटी चार्ट रुजु गरी, कर्मचारीको उपस्थित दिन र पाउने रकम खुल्ने गरी विवरण तयार गरी स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ। सो विवरण स्वास्थ्य शाखाबाट मापदण्ड अनुसार जाँच गरी र आर्थिक प्रशासन शाखाबाट बजेट रुजु भई प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि नियमानुसार १५% पारिश्रमिक कर (TDS) कट्टी गरी सम्बन्धित कर्मचारीको बैंक खातामा रकम भुक्तानी गर्नुपर्नेछ।

**७. जेष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिसँग स्वास्थ्यकर्मी कार्यक्रमः**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२७३, विनियोजित रकम एक लाख पचास हजार रुपैयाँबाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यस कार्यक्रमको मुख्य उद्देश्य भौगोलिक विकटता तथा शारीरिक अशक्तताका कारण स्वास्थ्य संस्थासम्म आउन नसक्ने जेष्ठ नागरिक, दीर्घरोगी र अपाङ्गता भएका व्यक्तिहरूको घरदैलोमै पुगी आधारभूत स्वास्थ्य परीक्षण, परामर्श र औषधि उपचार सेवा प्रदान गर्नु रहेको छ।

(३) यो कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिका अन्तर्गतका १ प्राथमिक स्वास्थ्य केन्द्र र ६ वटा स्वास्थ्य चौकी गरी ७ ओटा स्वास्थ्य संस्थालाई साविकको ९ ओटै वडामा सेवा सञ्चालन गर्न क्लस्टरमा विभाजन गरी स्वास्थ्यकर्मीहरूलाई परिचालन गर्नुपर्नेछ। प्रत्येक क्लस्टरमा वर्षको कम्तीमा ३ (तीन) पटक (चौमासिक रूपमा) वडासँगको समन्वयमा स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेछ।

(४) यस कार्यक्रम अन्तर्गत खटिने स्वास्थ्यकर्मीको टोलीले घरदैलोमा पुगी लक्षित वर्गको General Examination (Vitals), Screening of NCDs (Non-Communicable Diseases) र Medication Adherence जाँच गर्नेछन्। यसरी परीक्षण गर्दा बिरामीको 'Clinical History' र 'Health Status' को अभिलेख अनुसूची-५ बमोजिमको "Community Health Screening Form" मा अनिवार्य राख्नु पर्नेछ।

(५) यस कार्यक्रमको विनियोजित बजेट देहाय बमोजिमका शीर्षकमा खर्च गर्नुपर्नेछः

| क्र.सं. | खर्च शीर्षक | विवरण/क्रियाकलाप | रकम रु. |
|---|---|---|---|
| १ | स्वास्थ्यकर्मी यातायात खर्च | २८ वटा शिविर (७ संस्था × ९ स्थान×३ पटक) रु.५०० का दरले | ९४,५०० |
| २ | निदान उपकरण खरिद तथा व्यवस्थापन खर्च (झोला लगायत) | ग्लुकोमिटर, बी.पी. मेसिन, पल्स अक्सिमिटर, थर्मोमिटर, झोला आदि | ५५,५०० |
| | **कुल जम्मा** | | **१,५०,०००** |

(६) भुक्तानी प्रक्रियाः प्रत्येक क्लस्टरमा कार्यक्रम सम्पन्न भएपश्चात् स्वास्थ्य संस्था प्रमुखले खटिएका कर्मचारीको हाजिरी, अनुसूची-५ बमोजिम भरिएको Screening Form को सक्कल प्रति,

वितरण गरिएको औषधीको लगत (Consumption Report) र रङ्गीन तस्बिरहरू सहितको प्रतिवेदन स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ। सो विवरण जाँच र स्वीकृत भएपछि नियमानुसार कर कट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

**८. एस.इ.इ. तथा कक्षा ८ अतिरिक्त कक्षा सञ्चालन अनुदान व्यवस्थापनः**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२९५, विनियोजित रकम रु. ३,५०,०००/- (तीन लाख पचास हजार) बाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यस कार्यक्रमको मुख्य उद्देश्य सामुदायिक विद्यालयका कक्षा ८ र १० (SEE) का विद्यार्थीहरूको अंग्रेजी, गणित र विज्ञान विषयको नतिजा (GPA) मा गुणात्मक वृद्धि गर्नु तथा विद्यार्थीहरूमा कठिन विषयप्रतिको त्रास हटाई आत्मविश्वास जागृत गराउनु रहेको छ।

(३) यो अनुदान प्राप्त गर्न विद्यालयले देहायका सर्त र प्राविधिक मापदण्डहरू पालना गर्नुपर्नेछः

- क. अतिरिक्त कक्षा अनिवार्य रूपमा अंग्रेजी, गणित र विज्ञान विषयमा केन्द्रित हुनुपर्नेछ र प्रत्येक विषयको कक्षा अवधि दैनिक कम्तीमा ४५ मिनेट (३ विषयको कुल २ घण्टा १५ मिनेट) हुनुपर्नेछ।
- ख. यस्तो कक्षा विद्यालयको नियमित समय (१०:०० देखि ४:००) बाहेकको समयमा सञ्चालन गर्नुपर्नेछ र नियमित कक्षा कटौती गर्न पाइने छैन।
- ग. एक शैक्षिक सत्रमा कम्तीमा ३० कार्यदिन (Actual Teaching Days) कक्षा सञ्चालन भएको हुनुपर्नेछ।
- घ. कक्षामा सम्बन्धित तहका विद्यार्थीहरूको उपस्थिति कम्तीमा ८५ प्रतिशत हुनु अनिवार्य छ।
- ङ. यस कार्यक्रम बापत विद्यार्थी वा अभिभावकबाट कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन।

(४) मापदण्ड पूरा गरी कक्षा सञ्चालन गर्ने विद्यालयलाई देहाय बमोजिमको दरमा रकम उपलब्ध गराइनेछः

क. माध्यमिक तह (कक्षा १०/SEE) को हकमाः प्रति विषय (४५ मिनेट) रु. ३००/- का दरले शिक्षक पारिश्रमिक र एकमुष्ट रु. २,५००/- शैक्षिक सामग्री गरी जम्मा अधिकतम रु. २९,५००/- (प्रति विद्यालय)।

ख. आधारभूत तह (कक्षा ८) को हकमाः प्रति विषय (४५ मिनेट) रु. २००/- का दरले शिक्षक पारिश्रमिक र एकमुष्ट रु. १,०००/- शैक्षिक सामग्री गरी जम्मा अधिकतम रु. १९,०००/- (प्रति विद्यालय)।

ग. विद्यालयले शिक्षकको पारिश्रमिक भुक्तानी गर्दा प्रचलित कानुन बमोजिम १५% पारिश्रमिक कर कट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

(५) तोकिएको ३० दिनको कक्षा सम्पन्न भएपछि प्रधानाध्यापकले अनुसूची-६ बमोजिमको प्रतिवेदन, प्रमाणित हाजिरी र तस्बिरहरू शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

(६) तोकिएको मापदण्ड (दिन वा उपस्थिति) पूरा नभएमा रकम दामासाही आधारमा भुक्तानी दिनुपर्नेछ वा पूर्ण रूपमा रोक्का गर्नुपर्नेछ।

**९. विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन खर्च अनुदान सम्बन्धी व्यवस्था**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२९६, विनियोजित रकम चार लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यस कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराई सर्वाङ्गीण विकास गर्नु, विद्यालयको सिकाई वातावरणलाई थप रचनात्मक बनाउनु तथा पुस्तकीय ज्ञानका अतिरिक्त खेलकुद, कला, साहित्य र सिर्जनात्मक सीपहरू मार्फत विद्यार्थीहरूको व्यक्तित्व विकासमा टेवा पुऱ्याउनु हुनेछ।

(३) विद्यालयले सञ्चालन गरिरहेको तहका आधारमा एक शैक्षिक सत्रका लागि देहाय बमोजिमको अनुदान उपलब्ध गराइनेछः

क. आधारभूत तह (शिशु — कक्षा ३ सम्म): रु. ३,०००/-

ख. आधारभूत तह (शिशु — कक्षा ५ सम्म): रु. ५,०००/-

ग. आधारभूत तह (शिशु — कक्षा ८ सम्म): रु. ८,०००/-

घ. माध्यमिक तह (शिशु — कक्षा १० सम्म): रु. १२,०००/-
ङ. माध्यमिक तह (शिशु — कक्षा १२ सम्म): रु. १५,०००/-

(४) यो अनुदान प्राप्त गर्न विद्यालयले देहायका सर्तहरू अनिवार्य पालना गर्नुपर्नेछः

क. विद्यालयले शैक्षिक सत्रको सुरुमै वार्षिक शैक्षिक क्यालेन्डर वा कार्यतालिका बनाई वर्षभरिमा कम्तीमा २० वटा शुक्रवार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने मिति र विधा स्पष्ट तोक्नुपर्नेछ।
ख. साहित्यिक, बौद्धिक, खेलकुद, सिर्जनात्मक/कला, भाषिक/हिज्जे र सामाजिक/वातावरणीय जस्ता विद्यार्थीको व्यक्तित्त्व विकासमा बल पुऱ्याउने कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
ग. तोकिएका क्रियाकलापहरू प्रत्येक शुक्रबार (बिदा बाहेक) विद्यालयको पठन-पाठन समय पश्चात् अनिवार्य रूपमा सञ्चालन गर्नुपर्नेछ।
घ. सबै तहका विद्यार्थीहरूलाई समेट्ने गरी समूह विभाजन गरेर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि, कक्षा ३ सम्म मात्र सञ्चालन भएका वा साना बालबालिका मात्र भएका विद्यालयहरूको हकमा देहाय बमोजिम हुनेछ:

क. ठूला कक्षाका लागि तोकिएका जटिल प्रतियोगिताहरू अनिवार्य हुने छैनन्।
ख. बालबालिकाको उमेर र मनोविज्ञान सुहाउँदो क्रियाकलापहरू (जस्तैः कथा वाचन तथा अभिनय, रङ्ग भर्ने तथा चित्रकला, बाल खेलकुद— म्युजिकल चेयर, तातो आलु, सानो दौड, सामूहिक बालगीत तथा नृत्य, स्वच्छता सिकाई अभ्यास र सुरक्षित शैक्षिक अवलोकन भ्रमण) सञ्चालन गर्नुपर्नेछ।

(६) यो अनुदान रकम विद्यालयले अतिरिक्त क्रियाकलापकै सामग्री खरिद र पुरस्कार व्यवस्थापनमा मात्र खर्च गर्नुपर्नेछ। पुरस्कार स्वरूप विद्यार्थीको दैनिक शैक्षिक गतिविधिलाई सहयोग पुग्ने प्रकृतिका शैक्षिक सामग्री (कापी, कलम आदि) दिनुपर्नेछ।

(७) अनुदान मागका लागि विद्यालयले सञ्चालन गरेका कम्तीमा २० वटै अतिरिक्त क्रियाकलापको एकमुष्ट संक्षिप्त प्रतिवेदन, वार्षिक क्यालेन्डरको प्रमाणित प्रतिलिपि, सहभागी

विद्यार्थीको नामावली, नतिजा सिट र कार्यक्रमका स्पष्ट फोटोहरू प्रधानाध्यापकबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(८) न्यूनतम २० वटा क्रियाकलाप पूरा नगरेको खण्डमा भुक्तानी दिइने छैन।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयमा कुनै भैपरी आएको, विपत्ति परेको वा माथिल्लो निकायले सार्वजनिक बिदा दिएको कारण २० वटा क्रियाकलाप हुन नसकेको खण्डमा भने सञ्चालित कार्यक्रमको आधारमा दामासाहीले रकम उपलब्ध गराइनेछ।

**१०.तोरी प्रशोधन मिल स्थापना (५०% सहयोग) सम्बन्धी व्यवस्थाः**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२८९, विनियोजित रकम तीन लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी प्रतिस्पर्धाका आधारमा उत्कृष्ट तीन वटा समूह वा फर्मलाई अनुदान उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :

क. ऐसेलुखर्क गाउँपालिकामा उत्पादित तोरीलाई स्थानीय स्तरमै प्रशोधन गरी शुद्ध तोरीको तेलको उपलब्धता सुनिश्चित गर्ने र कृषकहरूको आयआर्जनमा वृद्धि गर्ने।

ख. "गाउँको उत्पादन, गाउँमै प्रशोधन" भन्ने नीति अनुरूप स्थानीय कच्चा पदार्थमा आधारित साना उद्योगको प्रवर्धन गरी आयातित तेलमाथिको निर्भरता कम गर्ने।

ग. परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी तेलको रिकभरी प्रतिशत बढाउने र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने।

घ. स्थानीय कृषकहरूलाई तोरी खेती तर्फ आकर्षित गरी बजारको सुनिश्चितता प्रदान गर्ने।

(३) यस कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराउँदा देहायको सीमा र मोडेल अवलम्बन गर्नुपर्नेछ :

क. यो कार्यक्रम ऐसेलुखर्क गाउँपालिका भित्रका कृषक समूह, सहकारी संस्था वा दर्तावाल कृषि फर्म/उद्यमीका लागि सञ्चालन हुनेछ।

ख. छनोट भएका लाभग्राहीलाई मेसिनरी खरिदको बिल रकमको पचास प्रतिशत वा अधिकतम रु. एक लाख मध्ये जुन घटी हुन्छ, सो रकम मात्र अनुदान स्वरूप उपलब्ध गराइनेछ।

ग. मेसिनरीको ढुवानी खर्च, जडान खर्च वा अन्य सहायक खर्चलाई कुल लागतमा जोडेर अनुदान माग गर्न पाइने छैन।

(४) सूचना प्रकाशन तथा निवेदन प्रक्रिया देहाय बमोजिम हुने छ।

क. कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले १५ (पन्ध्र) दिने म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

ख. योग्यता पुगेका इच्छुक समूह वा फर्मले तोकिएको म्यादभित्र अनुसूची-७ बमोजिमको निवेदन ढाँचामा आवश्यक कागजात संलग्न राखी गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्ताव दर्ता गराउनुपर्नेछ।

(५) देहायका सर्तहरू पूरा नगरेका आवेदकहरू छनोट प्रक्रियामा स्वतः अयोग्य हुनेछन्।

क. गाउँपालिका वा सम्बन्धित निकायमा दर्ता भई आ.व. २०८१/०८२ सम्मको नवीकरण भएको र स्थायी लेखा नम्बर लिई कर चुक्ता गरेको हुनुपर्नेछ।

ख. विगत ३ वर्षभित्र सङ्घ, प्रदेश वा स्थानीय सरकारबाट यस्तै प्रकृतिको मेसिनरीमा अनुदान नलिएको स्वघोषणा गर्नुपर्नेछ।

ग. मिल सञ्चालनका लागि ३-फेज वा १-फेज (मेसिनको क्षमता अनुसार) विद्युत र सुरक्षित भवन/कोठाको व्यवस्था भएको हुनुपर्नेछ।

घ. कुल लागतको ५०% साझेदारी गर्न सक्ने बैंक मौज्दात वा भरपर्दो आर्थिक स्रोतको प्रमाण पेश गर्नुपर्नेछ।

ङ. तोरी उत्पादन हुने पकेट क्षेत्र वा पर्याप्त कच्चा पदार्थ उपलब्ध हुने वडाको हुनुपर्नेछ।

(६) प्राप्त प्रस्तावहरूलाई अनुसूची-८ मा उल्लेखित बमोजिम स्रोत सुनिश्चितता तथा वित्तीय क्षमता र व्यवस्थापकीय, प्राविधिक तथा अन्य सूचकहरू गरी दुई आधारमा विभाजन गरी कुल

१०० पूर्णाङ्कको भारमा मूल्याङ्कन गर्नुपर्नेछ। कम्तीमा ४० अङ्क प्राप्त गर्ने आवेदकहरू मध्येबाट प्रतिस्पर्धाका आधारमा उत्कृष्ट आवेदक छनोट गर्नुपर्नेछ।

(७) यस कार्यक्रम अन्तर्गत खरिद गरिने मेसिनरी तथा उपकरणहरू अनुसूची-९ मा तोकिएको बमोजिम वा सोभन्दा उच्च गुणस्तर तथा मापदण्डको हुनुपर्नेछ।

(८) छनोट भएका लाभग्राहीसँग सम्झौता गरी सार्वजनिक खरिद प्रक्रिया पूरा गरेर मेसिन खरिद, जडान र अनुगमन पश्चात मात्र अनुदान रकम भुक्तानी गर्नुपर्नेछ।

(९) अनुदानमा प्राप्त मेसिनरी तथा उपकरणहरू कसैलाई बिक्री गर्न, हक हस्तान्तरण गर्न, धितो राख्न वा बन्द गर्न पाइने छैन।

(१०) उपदफा (९) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, मेसिनको सामान्य आयु १० वर्ष मानिनेछ र सो अवधिभर मेसिनको संरक्षण गर्ने दायित्व सम्बन्धित लाभग्राहीको हुनेछ।

(११) कार्यस्थलमा देखिने गरी "ऐसेलुखर्क गाउँपालिकाको आर्थिक सहयोगमा सञ्चालित" भन्ने व्यहोरा खुल्ने होर्डिङ बोर्ड अनिवार्य राख्नुपर्नेछ। साथै, मिलमा तोरी पेल्ने ज्याला दर र तेलको बिक्री मूल्य सेवाग्राहीले स्पष्ट देख्ने गरी टाँस्नुपर्नेछ।

(१२) पेश गरिएका विवरण वा कागजातहरू झुटो पाइएमा, अनुदानको दुरुपयोग गरेमा वा माथि उल्लेखित सर्तहरू उल्लङ्घन गरेमा गाउँपालिकाले उपलब्ध गराएको अनुदान रकम सरकारी बाँकी सरह असुलउपर गर्नुपर्नेछ।

**११. अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकरण कार्यक्रम (८०% सहयोग) सम्बन्धी व्यवस्थाः**

(१)ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२८४, विनियोजित रकम सात लाख पन्चानब्बे हजार रुपैयाँबाट खर्च बेहोर्ने गरी कृषकको माग र आवश्यकताका आधारमा अनुदान उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२)यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

क. परम्परागत कृषि प्रणालीलाई यान्त्रिकरणको माध्यमबाट आधुनिकीकरण गरी उत्पादन लागत घटाउने।

ख. कृषि कार्यमा लाग्ने मानवीय श्रम र समयको बचत गरी उत्पादकत्वमा वृद्धि गर्ने।

ग. व्यावसायिक कृषि तथा पशुपालनमा संलग्न कृषकहरूलाई प्रविधिमा पहुँच पुऱ्याई प्रोत्साहन गर्ने।

(३)यस कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराउँदा देहायको सीमा र मोडेल अवलम्बन गर्नुपर्नेछ:

क. यो कार्यक्रम "केन्द्रीय खरिद तथा वितरण" प्रणालीमा सञ्चालन हुनेछ।

ख. गाउँपालिकाले सार्वजनिक सूचना मार्फत कृषकहरूबाट आवश्यक मेसिनरीको माग संकलन गर्नेछ र प्राप्त माग र भौगोलिक आवश्यकताका आधारमा कृषि विकास समितिले उपयुक्त मेसिनरीको प्रकार र परिमाण यकिन गर्नेछ।

ग. गाउँपालिका आफैले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रक्रिया पूरा गरी स्पेसिफिकेसन तयार गरी मेसिनरी औजारहरू खरिद गर्नेछ र छनोट भएका लाभग्राहीलाई ८० प्रतिशत अनुदानमा उपलब्ध गराउनेछ।

घ. छनोट भएका लाभग्राहीले मेसिनरीको कुल खरिद मूल्यको २० (बीस) प्रतिशत रकम गाउँपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ।

ङ. लाभग्राहीको योगदानको रकम र गाउँपालिकाको सहयोग रकमलाई विनियोजनबाट गाउँपालिकाको विविध खर्च खातामा ट्रान्सफर गरी एकीकृत रुपमा खर्च गर्नेछ।

(४)विनियोजित बजेट र कृषकको मागको आधारमा देहायका सामग्रीहरू खरिद गरी वितरण गर्नुपर्नेछ:

क. पावर टिलर (मिनी/हेभी)

ख. थ्रेसर (मल्टिक्रप)

ग. कम्बाइन मिल (कुटानी पिसानी)

घ. चाँफ कटर (घाँस काट्ने मेसिन)

ङ. अन्य साना कृषि औजारहरू (स्प्रेयर, खाडल खन्ने मेसिन आदि)

(५)उपदफा (४) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, कुनै संकलित मागको आधारमा कुनै मेसिनरीको माग न्यून भएमा वा भौगोलिक रूपमा अनुपयुक्त देखिएमा गाउँपालिका स्तरीय कृषि विकास समितिले निर्णय गरी सामग्रीका प्रकारहरू घटाउन वा हेरफेर गर्न सक्नेछ।

(६)सूचना प्रकाशन तथा निवेदन प्रक्रिया देहाय बमोजिम हुने छ:

क. कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले १५ (पन्ध्र) दिने म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

ख. योग्यता पुगेका इच्छुक कृषक, समूह वा फर्मले तोकिएको म्यादभित्र अनुसूची-१० बमोजिमको निवेदन ढाँचामा आवश्यक कागजात संलग्न राखी गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्ताव दर्ता गराउनुपर्नेछ।

(७) देहायका सर्तहरू पूरा नगरेका आवेदकहरू छनोट प्रक्रियामा स्वतः अयोग्य हुनेछन्:

क. गाउँपालिका भित्रका स्थायी बासिन्दा वा गाउँपालिकामा दर्ता भएको कृषक समूह, सहकारी वा कृषि फर्म हुनुपर्नेछ।

ख. यसअघि गाउँपालिकाबाट यस्तै प्रकृतिको मेसिनरीमा अनुदान नलिएको हुनुपर्नेछ।

ग. तोकिएको २०% लागत साझेदारी रकम गाउँपालिकाको खातामा जम्मा गर्न मन्जुर रहेको प्रतिबद्धता हुनुपर्नेछ।

घ. व्यावसायिक रूपमा कृषि/पशुपालन गरिरहेको (जस्तैः कम्तीमा ३ रोपनी जग्गामा खेती वा १० वटा बाख्रा, बङ्गुर/५ वटा गाईभैंसी पालेका/) हुनुपर्नेछ।

(८) प्राप्त प्रस्तावहरूलाई "गाउँपालिका स्तरीय कृषि विकास समिति" ले आवेदकको व्यावसायिकता, भौगोलिक आवश्यकता र मागको आधारमा छानबिन गरी लाभग्राहीको अन्तिम नामावली र मेसिनरीको कोटा निर्धारण गर्नेछ।

(९) छनोट भएका लाभग्राहीले जानकारी पाएको ७ दिनभित्र आफ्नो हिस्साको रकम (२०%) बैंक दाखिला गरेपछि गाउँपालिकाले खरिद गरेका सामग्रीहरू एक कार्यक्रमका बीच हस्तान्तरण गर्नुपर्नेछ।

(१०) गाउँपालिका र अनुदानग्राही बीच सम्झौता गर्नु पर्नेछ।

(११) सहयोगमा प्राप्त मेसिनरी तथा उपकरणहरू कसैलाई बिक्री गर्न, हक हस्तान्तरण गर्न, धितो राख्न वा बन्द गर्न पाइने छैन।

(१२) उपदफा (११) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, मेसिनको सामान्य आयु १० वर्ष मानिनेछ र सो अवधिभर मेसिनको संरक्षण गर्ने दायित्व सम्बन्धित लाभग्राहीहरुको हुनेछ।

(१३) सहयोगमा प्राप्त मेशिनरीमा सबैले देखिने गरी तथा हिफाजत रहने गरी "ऐसेलुखर्क गाउँपालिकाको सहयोगमा प्राप्त" भन्ने व्यहोरा खुल्ने स्टिकर राख्नु पर्नेछ।

(१४) प्राप्त मेसिनरीलाई कृषि उत्पादनको प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ। यदि अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा वा बिक्री वितरण गरेमा कारबाही गर्नुपर्नेछ।

(१५) पेश गरिएका विवरण वा कागजातहरू झुटो पाइएमा, अनुदानको दुरुपयोग गरेमा वा माथि उल्लेखित सर्तहरू उल्लङ्घन गरेमा गाउँपालिकाले उपलब्ध गराएको अनुदान सुविधा वा सो बराबरको रकम सरकारी बाँकी सरह असुलउपर गर्नुपर्नेछ।

**१२. घाँस खेती विस्तार कार्यक्रम सम्बन्धी व्यवस्था**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२८७, विनियोजित रकम एक लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी पशुपालन प्रवर्धनका लागि यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

क. पशुपालन व्यवसायमा लाग्ने दानाको लागत घटाउन र दुध तथा मासुको उत्पादन वृद्धि गर्न उन्नत जातको घाँस खेती विस्तार गर्ने।

ख. हिउँद र सुक्खायाममा हुने हरियो घाँसको अभाव कम गर्न र पशुहरूलाई वर्षैंभरी पौष्टिक आहार उपलब्ध गराउने।

ग. खाली तथा बाँझो जग्गाको सदुपयोग गर्दै भू-क्षय नियन्त्रणमा सहयोग पुऱ्याउने।

(३) यो कार्यक्रम केन्द्रीय खरिद तथा वितरण प्रणालीमा देहाय बमोजिम सञ्चालन हुनेछः

क. गाउँपालिकाले मौसम र मागको आधारमा सरकारी दररेट वा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाबाट उन्नत जातका घाँसको बीउ तथा बेर्ना/सेट खरिद गर्नेछ।

ख. खरिद गरिएका बीउ तथा बेर्नाहरू पशु सेवा शाखाबाट कृषकहरूलाई निःशुल्क वितरण गर्नुपर्नेछ।

(४) मौसम, भौगोलिक अवस्था र कृषकको माग हेरी देहायका घाँसहरू वितरण गर्नुपर्नेछः

क. बहुवर्षीय घाँसः नेपियर, मुलाटो, स्टाइलो, पासपालम आदि।

ख. हिउँदे/वर्षे घाँसः जय, बर्सिम, टियोसेन्टी, सुडान आदि।

ग. डाले घाँसः इपिल-इपिल, किम्बु, राई खन्यु, टाँकी आदि।

(५) लाभग्राहीको योग्यता देहाय बमोजिम हुनेछः

क. ऐसेलुखर्क गाउँपालिका भित्र स्थायी बसोबास गर्ने पशुपालक कृषक।

ख. घाँस रोप्नका लागि आफ्नै वा भाडाको जग्गा उपलब्ध भएको।

ग. व्यावसायिक पशुपालन गर्ने कृषक वा समूहलाई प्राथमिकता दिनुपर्नेछ।

(६) घाँसका बीउ तथा बेर्नाहरू देहाय बमोजिमको प्रक्रियाबाट वितरण गर्नुपर्नेछः

क. पशु सेवा शाखाले मौसम अनुसार "घाँसको बीउ/बेर्ना वितरण सम्बन्धी" सूचना प्रकाशन गर्नेछ।

ख. इच्छुक कृषकले तोकिएको म्यादभित्र अनुसूची-११ बमोजिमको फारम भरी वडा कार्यालय वा पशु सेवा शाखामा बुझाउनुपर्नेछ।

ग. प्राप्त निवेदनको आधारमा "पहिले आउनेलाई पहिलो प्राथमिकता" वा मागको आधारमा खरिद गरिएको परिमाणमा दामासाही प्रणालीबाट बीउ/बेर्ना वितरण गर्नुपर्नेछ।

**१३. किवी थाक्रा सहयोग कार्यक्रम (५०% सहयोग) सम्बन्धी व्यवस्थाः**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२८३, विनियोजित रकम छ लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी किवी खेतीलाई निर्वाहमुखीबाट व्यावसायिकतातर्फ उन्मुख गराउन यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

क. ऐसेलुखर्क गाउँपालिकाको भौगोलिक अवस्थिति र हावापानी किवी खेतीका लागि उपयुक्त रहेकोले यसको व्यावसायिक उत्पादनमा वृद्धि गर्ने।

ख. किवी लहरे बाली भएकोले गुणस्तरीय फल उत्पादन र बोटको सुरक्षाका लागि स्थायी प्रकृतिको बलियो थाक्रा व्यवस्थापन गर्ने।

ग. काठका खम्बाहरू प्रयोग गर्दा वन विनाश बढ्ने र छिटो कुहिने समस्या रहेकोले स्थायी प्रकृतिका (सिमेन्ट वा फलामका) खम्बा निर्माणमा ५०% साझेदारी गरी कृषकको लागत घटाउने।

(३) विनियोजित बजेटलाई देहाय बमोजिमका दुई क्लस्टरमा विभाजन गरी ५० प्रतिशत लागत साझेदारीमा अनुदान उपलब्ध गराइनेछः

क. व्यावसायिक कृषि फर्म (निजी): ६ (छ) वटा कोटा। प्रति फर्म अधिकतम अनुदान सीमा रु. पचास हजार हुनेछ।

ख. कृषक समूह (सामूहिक): २ (दुई) वटा कोटा। प्रति समूह अधिकतम अनुदान सीमा रु. एक लाख पचास हजार हुनेछ।

(४) देहायका सर्तहरू पूरा नगरेका फर्म वा समूह छनोट प्रक्रियामा स्वतः अयोग्य हुनेछन्ः

क. आवेदन दिने कृषि फर्म वा कृषक समूह गाउँपालिका वा सम्बन्धित सरकारी निकायमा दर्ता भई कम्तीमा ३ (तीन) वर्ष पूरा भएको (आ.व. २०७९/८० साल वा सोभन्दा अगाडि दर्ता भएको) हुनुपर्नेछ।

ख. आ.व. २०८१/०८२ सम्मको संस्था नवीकरण भएको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

ग. फर्म वा समूहले विगत ३ (तीन) वर्ष यता सङ्घ, प्रदेश वा स्थानीय तहबाट किवी खेती व्यवस्थापन वा थाक्रा निर्माण शीर्षकमा अनुदान नलिएको हुनुपर्नेछ।

घ. फर्मको हकमा स्थायी लेखा नम्बर (PAN) र आ.व. २०८१/०८२ को कर चुक्ता तथा समूहको हकमा स्थायी लेखा नम्बर (PAN), र आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ।

ङ. फर्मको हकमा कम्तीमा २० बोट र समूहको हकमा सबै सदस्यको जोड्दा कम्तीमा ८० बोट वा ५ रोपनी क्षेत्रफलमा किवी रोपण गरेको हुनुपर्नेछ।

(५) अनुदान रकमको सदुपयोग सुनिश्चित गर्न देहाय बमोजिमको सामग्री प्रयोग भएको हुनुपर्नेछः

क. अनिवार्य रूपमा आर.सि.सि. (RCC) पिलर (सिमेन्ट, बालुवा, गिटी र रड सहितको), फलामको एङ्गल/पाइप तथा किवीमा थाक्राको लागि खिया नलाग्ने जी.आई. तार को प्रयोग गरी 'टि-बार' वा 'परगोल' प्रणालीमा जडान गरिएको हुनुपर्नेछ।

ख. बाँस वा काठको खम्बा प्रयोग गर्न पाइने छैन। त्यस्तो पाइएमा भुक्तानी दिइने छैन।

(६) तोकिएको कोटा भन्दा बढी रीतपूर्वकका आवेदन परेमा अनुसूची-१२ मा उल्लेखित छनोट विधि तथा मूल्याङ्कन आधार बमोजिम १०० पूर्णाङ्कको भारमा मूल्याङ्कन गरी ऐसेलुखर्क गाउँ कार्यपालिकाले उत्कृष्ट आवेदक छनोट गर्नेछ।

(७) यो कार्यक्रम देहायको कार्यान्वयन प्रक्रिया अनुसार सञ्चालन गरिनेछः

क. गाउँपालिकाले १५ दिने म्याद दिई प्रस्ताव आह्वान गर्नेछ।

ख. इच्छुक कृषक फर्म/ समूहले तोकिएको म्यादभित्र अनुसूची-१३ बमोजिमको निवेदन, प्रस्ताव फारम तथा इच्छुक कृषक समूहको हकमा अनुसूची-१४ बमोजिमको सदस्यहरूको किवी खेती प्रोफाइल तयारी पारी समूहको निर्णय सहित पेश गर्नुपर्नेछ।

ग. छनोट गर्नु पूर्व कृषि तथा प्राविधिक शाखाले निवेदकको बगैंचामा गई बोट संख्या, जग्गाको अवस्था र आवश्यक पूर्वाधारको यकिन गर्नेछ।

घ. मूल्याङ्कन समितिले सिफारिस गरेका उत्कृष्ट फर्म र समूहसँग ५०% लागत साझेदारी गर्ने सर्तमा सम्झौता गर्नुपर्नेछ।

ङ. सम्झौता भएको २ महिनाभित्र लाभग्राहीले आफ्नै लगानीमा तोकिएको मापदण्ड अनुसार थाक्रा निर्माण सम्पन्न गर्नुपर्नेछ।

(८) निर्माण कार्य सम्पन्न भएपछि प्राविधिक नापी, कार्यसम्पन्न प्रतिवेदन र सक्कल बिल भरपाइका आधारमा देहाय बमोजिम भुक्तानी दिनुपर्नेछः

क. फर्मको हकमाः स्वीकृत लागत अनुमानको ५०% वा बढीमा रु. ५०,०००/- (जुन घटी हुन्छ) रकम फर्मको बैंक खातामा भुक्तानी गर्नुपर्नेछ।

ख. समूहको हकमाः स्वीकृत अनुदान रकम (रु. १,५०,०००/- वा ५०% मध्ये घटी) कृषक समूहको बैंक खातामा एकमुष्ट भुक्तानी गर्नुपर्नेछ। साथै, समूहको खातामा रकम

जम्मा भएपछि, समूहले बैठक बसी कुन सदस्यले कति परिमाणको काम गरेको हो, सोही अनुपातमा सम्बन्धित सदस्यलाई रकम वितरण गरी सोको भर्पाई र निर्णयको प्रतिलिपि गाउँपालिकाको कृषि शाखामा अनिवार्य बुझाउनुपर्नेछ।

(९) अनुदानबाट निर्मित संरचनाहरु बिक्री गर्न, भत्काउन वा प्रयोजन परिवर्तन गर्न पाइने छैन।

(१०) कार्यस्थलमा "ऐसेलुखर्क गाउँपालिकाको सहयोगमा सञ्चालित" भन्ने व्यहोरा खुल्ने होर्डिङ बोर्ड अनिवार्य राख्नुपर्नेछ।

(११) सम्झौता विपरीत काम गरेको पाइएमा वा झुट्टा विवरण पेश गरी अनुदान लिएको ठहरेमा सरकारी बाँकी सरह असुलउपर गर्नुपर्नेछ।

**१४. व्यावसायिक तेलहन बाली उत्पादनमा अनुदान सम्बन्धी व्यवस्थाः**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२८८, विनियोजित रकम सात लाख पचास हजार रुपैयाँबाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यो कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको उद्देश्य र कानुनी आधार रहनेछः

क. ऐसेलुखर्क गाउँपालिका भित्रका उर्वर भूमिमा तेलहन बाली खेती गर्न कृषकहरूलाई प्रोत्साहन गरी तेल उत्पादन बढाउने उद्देश्यले गाउँ कार्यपालिकाबाट स्वीकृत "तेलहन बाली उत्पादन अनुदान कार्यविधि, २०८१" को अधिनमा रही यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ख. यो कार्यविधि उक्त कार्यविधिको पूरक अङ्गको रूपमा रहनेछ र यसमा उल्लेख नभएका विषयहरू सोही कार्यविधि बमोजिम हुनेछन्।

(३) विनियोजित बजेटलाई उत्पादनमा आधारित रही देहाय बमोजिमको अनुदानको दर र बजेटमा वितरण गर्नुपर्नेछः

क. कृषकले उत्पादन गरेको प्राविधिकबाट प्रमाणित तेलहन बाली (तोरी/सर्सिउँ/सूर्यमुखी) मा प्रतिकेजी रु. ३०/- (तीस रुपैयाँ) का दरले प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

ख. यो अनुदान प्राप्त गर्न कृषकले कम्तीमा ५० (पचास) के.जी. उत्पादन गरेको हुनुपर्नेछ। सोभन्दा कम उत्पादन गर्ने कृषकलाई अनुदान दिइने छैन।

ग. अनुदान रकम लाभग्राही कृषकको बैंक खातामा सिधै भुक्तानी गर्नुपर्नेछ। नगद वा सोधभर्ना भुक्तानी गरिने छैन।

(४) यस कार्यक्रममा सहभागी हुन कृषकले देहायका मापदण्ड तथा योग्यता पूरा गर्नुपर्नेछः

क. "तेलहन बाली उत्पादन अनुदान कार्यविधि, २०८१" को दफा ३ बमोजिम कम्तीमा ३ (तीन) रोपनी क्षेत्रफलमा खेती गरेको हुनुपर्नेछ।

ख. नागरिकता, जग्गाधनी पुर्जा (वा लिज सम्झौता) र चालु आ.व. को सम्पत्ति कर/मालपोत तिरेको रसिद पेश गरेको हुनुपर्नेछ।

ग. गाउँपालिकाले तोकेको म्यादभित्र कार्यविधिको अनुसूची बमोजिमको निवेदन दिई कृषक सूचीकरण भएको हुनुपर्नेछ।

(५) यो कार्यक्रम देहायका चरणमा कार्यान्वयन हुनेछः

क. चरण १ (निवेदन): कृषकले तोकिएको फारम भरी वडा कार्यालयमा बुझाउनुपर्नेछ।

ख. चरण २ (प्राविधिक अनुगमन): निवेदन प्राप्त भएपश्चात् वा बाली पाकेको समयमा कृषि प्राविधिकले स्थलगत निरीक्षण गरी क्षेत्रफल (३ रोपनी) र सम्भावित उत्पादनको आँकलन गर्नेछन्।

ग. चरण ३ (तौल प्रमाणीकरण): बाली भित्र्याइसकेपछि प्राविधिकको रोहवरमा उत्पादनको वास्तविक तौल (Weight) लिइनेछ।

घ. चरण ४ (सिफारिस र भुक्तानी): ५० के.जी. भन्दा माथि उत्पादन भएको यकिन भएपछि प्राविधिक तथा वडा कार्यालयले अनुसूची-१५ बमोजिमको ढाँचामा सिफारिस गर्नुपर्नेछ र सोही आधारमा कृषि शाखा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिबाट आर्थिक प्रशासन शाखाले बैंक खातामा रकम जम्मा गर्नुपर्नेछ।

**१५.मसला बाली उत्पादन अनुदान (प्याज, खोर्सानी, अदुवा) सम्बन्धी व्यवस्था**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२९०, विनियोजित रकम दुई लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) ऐसेलुखर्क गाउँपालिकामा दैनिक उपभोग्य मसला बाली (विशेषगरी प्याज, खोर्सानी र अदुवा) को माग उच्च रहेको तर उत्पादन न्यून भई बाहिरबाट आयात गर्नुपर्ने अवस्थालाई अन्त्य गर्न यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(३) निर्वाहमुखी रूपमा गर्दै आएको खेतीलाई व्यावसायिकतातर्फ उन्मुख गराउनु, उत्पादन क्षेत्र र उत्पादकत्व वृद्धि गर्नु तथा कृषकहरूलाई नगद प्रोत्साहन मार्फत हौसला प्रदान गर्नु यसको उद्देश्य हुनेछ।

(४) विनियोजित बजेटलाई क्षेत्रफलमा आधारित उत्पादन प्रोत्साहनका रूपमा देहाय बमोजिम वितरण गर्नुपर्नेछः

क. लक्षित बाली अन्तर्गत प्याज, खोर्सानी (अकबरे/जिरे/भेडे) र अदुवा रहनेछन्।

ख. अनुदान प्राप्त गर्न कृषकले कम्तीमा १ (एक) रोपनी जग्गामा पूर्ण रूपमा मसला बाली लगाएको हुनुपर्नेछ। यदि, मिश्रित बाली भएमा मुख्य बालीको रूपमा ५०% भन्दा बढी क्षेत्रफल ओगटेको हुनुपर्नेछ।

ग. प्राविधिक नापजाँचबाट यकिन भएको क्षेत्रफलको आधारमा प्रति रोपनी रु. ३,०००/- देखि ५,०००/- सम्म वा कुल योग्य क्षेत्रफलले विनियोजित बजेटलाई भाग गर्दा आउने दर (दामासाही) मा भुक्तानी दिनुपर्नेछ।

घ. धेरै कृषकलाई समेट्ने उद्देश्यले एक कृषक वा फर्मलाई अधिकतम ३ (तीन) रोपनी सम्मको क्षेत्रफलमा मात्र अनुदान उपलब्ध गराइनेछ।

(५) यस कार्यक्रममा सहभागी हुन कृषकले देहायका मापदण्ड तथा योग्यता पूरा गर्नुपर्नेछः

क. गाउँपालिका भित्र स्थायी बसोबास गर्ने कृषक, कृषक समूह वा दर्तावाल कृषि फर्म।

ख. प्याज, खोर्सानी वा अदुवा खेती कम्तीमा १ (एक) रोपनी क्षेत्रफलमा गरेको।

ग. सिँचाइ र रेखदेखको उचित प्रबन्ध मिलाएको र बाली फस्टाएको हुनुपर्नेछ।

घ. खेती गरिएको जग्गा आफ्नै स्वामित्वको वा भाडामा लिएको भए सम्झौता भएको हुनुपर्नेछ।

(६) यो कार्यक्रम देहायका चरण तथा प्रक्रियाबाट कार्यान्वयन गर्नुपर्नेछः

क. गाउँपालिकाले १५ दिने सूचना जारी गरी निवेदन माग गर्नेछ।

ख. कृषकले अनुसूची-१६ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ।

ग. निवेदन परेका कृषकहरूको खेतबारीमा गई वडा समिति वा कृषि प्राविधिकले क्षेत्रफल नापजाँच गर्नेछन् र बालीको अवस्था यकिन गर्नुपर्नेछ।

घ. प्राविधिक प्रतिवेदनका आधारमा कम्तीमा १ रोपनी पुगेका र बालीको अवस्था राम्रो भएका कृषकहरूको अन्तिम सूची तयार गर्नुपर्नेछ।

ङ. छनोट भएका कृषकहरूको बैंक खातामा अनुसूची-१७ बमोजिमको प्राविधिक सिफारिसका आधारमा रकम भुक्तानी गर्नुपर्नेछ।

च. नगद तथा सोधभर्नाको रुपमा अनुदान भुक्तानी गर्नु हुदैन।

**१६.अलैंची सुकाउने भट्टी सुधार कार्यक्रम सम्बन्धी व्यवस्था**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२८६, विनियोजित रकम एक लाख पचास हजार रुपैयाँबाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) ऐसेलुखर्क गाउँपालिकाका विभिन्न वडाहरूमा उत्पादन हुने अलैंचीलाई सुकाउने प्रयोजनको लागि प्रयोग हुने परम्परागत भट्टीहरुलाई मर्मत तथा सुधार गरि अलैंची उत्पादन तथा प्रशोधनमा टेवा पुर्‍याउनु यसको उद्देश्य हुनेछ।

(३) कार्यक्रमको मोडेल (कार्यान्वयन विधि): यो कार्यक्रम "सामग्री सहयोग र लागत साझेदारी" को मिश्रित मोडेलमा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछः

क. विनियोजित बजेटबाट गाउँपालिकाले सार्वजनिक खरिद प्रक्रिया मार्फत भट्टी मर्मत तथा सुधारका लागि आवश्यक पर्ने मुख्य सामग्रीहरू (जस्तैः फलामको रड, स्टिल जाली) खरिद गरी कृषकलाई उपलब्ध गराउनुपर्नेछ।

ख. कार्यालयबाट प्राप्त सामग्रीहरू जडान गर्न लाग्ने मिस्त्री खर्च, इट्टा, ढुङ्गा, बालुवा, सिमेन्ट, माटो र भट्टी राख्ने घर/टहरा (Shed) निर्माणको सम्पूर्ण खर्च कृषक स्वयम्ले व्यहोर्नुपर्नेछ।

(४) विनियोजित बजेट को सीमाभित्र रही लागत अनुमानका आधारमा कृषक वा समूहलाई सामग्री उपलब्ध गराइनेछ।

(५) यस कार्यक्रममा सहभागी हुन कृषकले देहायका मापदण्ड तथा योग्यता पूरा गर्नुपर्नेछः

क. गाउँपालिका भित्र स्थायी बसोबास भएको अलैंची कृषक, समूह वा फर्म।

ख. कम्तीमा ३ (तीन) रोपनी क्षेत्रफलमा अलैंची खेती भई उत्पादन सुरु भइसकेको हुनुपर्नेछ।

(६) यो कार्यक्रम देहायका चरण तथा प्रक्रियाबाट कार्यान्वयन गर्नुपर्नेछः

क. गाउँपालिकाले १५ दिने सूचना जारी गरी निवेदन माग गर्नेछ।

ख. कृषकले अनुसूची-१८ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ।

ग. कृषि प्राविधिकले निवेदकको बगान निरीक्षण गरी अलैंची उत्पादनको अवस्था र भट्टीको आवश्यकता यकिन गरी अनुसूची-१९ बमोजिम सिफारिस गर्नुपर्नेछ।

घ. बढी उत्पादन हुने र पुराना भट्टी विस्थापित गर्न चाहने कृषकलाई प्राथमिकता दिई कृषि विकास समितिले लाभग्राही छनोट गर्नुपर्नेछ।

ङ. छनोट भएका कृषकले "जडान खर्च आफै बेहोर्ने र २ महिनाभित्र जडान गर्ने" प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेपछि कार्यालयबाट खरिद गरिएका सामग्रीहरू हस्तान्तरण गर्नुपर्नेछ।

(७) यो कार्यक्रममा कृषकलाई नगद भुक्तानी दिइने छैन। गाउँपालिकाले सामग्री खरिद बापतको रकम सिधै आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्नेछ।

(८) सामग्री लगेको २ (दुई) महिनाभित्र कृषकले भट्टी जडान गरी सञ्चालनमा ल्याएको फोटो सहितको प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ।

(९) तोकिएको समयमा जडान नगरेमा वा सामग्रीको दुरुपयोग गरेमा गाउँपालिकाले उक्त सामग्री फिर्ता ल्याई सो बाट पुग्न जाने क्षतिपूर्तिको लागि सम्बन्धित कृषकबाट असुलउपर गराउनुपर्नेछ।

**१७.एक घर एक करेसाबारी कार्यक्रम (वडा नं ३ विशेष) सम्बन्धी व्यवस्था**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.१६९, विनियोजित रकम चार लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी वडा नं ३ मा यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यो कार्यक्रम ऐसेलुखर्क गाउँपालिकाको वडा नं. ३ (तीन) भित्र स्थायी बसोबास गर्ने घरधुरीहरूमा मात्र केन्द्रित हुनुपर्नेछ।

(३) यो कार्यक्रम "सामग्री प्याकेज वितरण" प्रणालीमा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछ:

क. विनियोजित बजेटबाट गाउँ कार्यपालिकाको कार्यालयले सार्वजनिक खरिद प्रक्रिया मार्फत करेसाबारीका लागि आवश्यक सामग्रीहरू खरिद गर्नुपर्नेछ।

ख. खरिद गरिएका सामग्रीहरूलाई प्रति घरधुरी एक सेट पुग्ने गरी "करेसाबारी किट" प्याकेज तयार पार्नुपर्नेछ।

ग. छनोट भएका लाभग्राहीलाई वडा कार्यालय मार्फत सामग्रीको प्याकेज हस्तान्तरण गर्नुपर्नेछ। यसमा नगद दिन पाइने छैन।

(४) बजेटको उपलब्धता अनुसार प्रति घरधुरी उपलब्ध गराइने प्याकेजमा देहायका सामग्रीहरू समावेश हुनुपर्नेछ:

क. बीउ (Seeds): सिजन अनुसारको ५ देखि ७ प्रकारका मौसमी तरकारीका बीउहरू (जस्तैः रायो, मुला, धनियाँ, सिमी, बोडी, भिन्डी, काउली आदि) को मिनिकिट।

ख. टनेल (Tunnel): बेमौसमी तरकारी फलाउन वा नर्सरी जमाउन ५ देखि १० मिटर प्लास्टिक (सिल्पोलिन)।

ग. अन्यः आवश्यकता र बजेट अनुसार हजारी, स्प्रिंक्लर वा प्लास्टिकको डोरी/जाली

(५) देहाय बमोजिमको लाभग्राहीको छनोट तथा प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछः

क. वडा कार्यालयले सार्वजनिक सूचना जारी गरी आवेदन संकलन गर्नुपर्नेछ।

ख. करेसाबारी बनाउन पुग्ने जग्गा र सिंचाई (फोहर पानी वा धारा) को व्यवस्था भएका घरधुरीलाई छनोट गर्नुपर्नेछ।

ग. छनोट गर्दा विपन्न, दलित र एकल महिलालाई पहिलो प्राथमिकता दिनुपर्नेछ।

(६) सामग्री प्राप्त गर्ने लाभग्राहीले देहायका सर्तहरू अनिवार्य पालना गर्नुपर्नेछः

क. कार्यालयबाट सामग्री लगेको १५ (पन्ध्र) दिनभित्र अनिवार्य रूपमा करेसाबारी निर्माण गरी बीउ रोपेको र टनेल (प्लास्टिक) टाँगेको हुनुपर्नेछ।

ख. सदुपयोगः प्राप्त सामग्री (प्लास्टिक/बीउ) अन्य प्रयोजनमा प्रयोग गर्न वा बिक्री गर्न पाइने छैन।

ग. कम्तीमा एक सिजन पूर्ण रूपमा तरकारी फलाएको हुनुपर्नेछ।

(७) कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न गाउँपालिकाले देहाय बमोजिम कडा अनुगमन गर्नुपर्नेछः

क. वडा कार्यालयका प्रतिनिधि र कृषि प्राविधिकको संयुक्त टोलीले सामग्री लगेका हरेक घरधुरीको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ।

ख. अनुगमन टोलीले करेसाबारीमा बीउ उम्रेको, प्लास्टिकको टनेल बनेको र तरकारी हुर्कंदै गरेको अवस्थाको फोटो खिची अभिलेख राख्नुपर्नेछ।

ग. अनुगमनका क्रममा सामग्री लगेर पनि प्रयोग नगरेको वा थन्काएर राखेको पाइएमा, त्यस्ता व्यक्तिको अभिलेख राखी आगामी ३ (तीन) वर्षसम्म वडा र गाउँपालिकाबाट पाइने कुनै पनि कृषि अनुदान/सुविधाबाट वञ्चित गर्नुपर्नेछ।

(८) सामग्री माग गर्न अनुसूची-२० बमोजिम रीतपूर्वक भरेको निवेदन फारम र कागजातहरु संलग्न राखी वडा कार्यालयमा पेश गर्नुपर्नेछ।

**१८.कृषि प्रवर्धन कार्यक्रम (वडा नं ५ विशेष) सम्बन्धी व्यवस्था**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२१२, विनियोजित रकम पचास हजार रुपैयाँबाट खर्च बेहोर्ने गरी वडा नं ५ का कृषकका लागि यो विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) वडा नं. ५ का कृषकहरूलाई व्यावसायिक खेतीमा सघाउ पुऱ्याउन र कृषि उत्पादनमा प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रमबाट कृषकहरूलाई अत्यावश्यक पर्ने स-साना कृषि औजार र उन्नत बीउबिजनको अभाव हुन नदिन वडा कार्यालयले मागका आधारमा सामग्री उपलब्ध गराउनु पर्नेछ।

(३) यो कार्यक्रम ऐसेलुखर्क गाउँपालिकाको वडा नं. ५ भित्र स्थायी बसोबास गर्ने वा कृषि पेशामा संलग्न कृषकहरूका लागि मात्र लागू हुनुपर्नेछ।

(४) यो कार्यक्रम "मागमा आधारित सामग्री वितरण" प्रणालीमा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछः

क. वडा कार्यालयले सूचना जारी गरी वा टोल विकास संस्थामार्फत कृषकहरूको वास्तविक आवश्यकता (जस्तैः कुन बीउ वा कुन औजार चाहिएको हो) को माग संकलन गर्नुपर्नेछ।

ख. संकलित माग र विनियोजित बजेटको सीमाभित्र रही गाउँपालिकाले सार्वजनिक खरिद प्रक्रिया बमोजिम सामग्री खरिद गर्नुपर्नेछ।

ग. खरिद गरिएका सामग्रीहरू वडा कार्यालयबाट निःशुल्क वितरण गर्नुपर्नेछ।

(५) कृषकको माग र आवश्यकता हेरी देहायका सामग्रीहरू उपलब्ध गराउनुपर्नेछः

क. उन्नत बीउ बिजनः (मौसमी तरकारी, मकै, गहुँ, धान वा लहरे बालीका बीउहरू)।

ख. सिंचाई सामग्रीः (प्लास्टिक पाइप, स्प्रिंक्लर आदि)।

ग. साना कृषि औजारः (हजारी, स्प्रेयर, सिकेटर, कुटो/कोदालो आदि)।

घ. अन्यः कृषि चुन, विषादी वा प्लास्टिक टनेल

(६) लाभग्राहीको योग्यता तथा प्राथमिकता देहाय बमोजिमको हुनुपर्नेछः

क. वडा नं. ५ को स्थायी बासिन्दा र सक्रिय कृषक हुनुपर्नेछ।

ख. व्यावसायिक रूपमा तरकारी वा अन्नबाली खेती गरिरहेका कृषक, साना तथा सीमान्तकृत कृषक तथा दलित र महिला जस्ता कृषकलाई छनोटको प्राथमिकतामा राख्नुपर्नेछ।

(७) माग निवेदन संकलन तथा वितरण प्रक्रिया देहाय बमोजिम हुनुपर्नेछः

क. इच्छुक कृषकले आफूलाई चाहिएको सामग्री खुलाई वडा कार्यालयमा अनुसूची-२१ बमोजिमको निवेदन फारम भर्नुपर्नेछ।

ख. वडा समितिले निवेदन उपर छानबिन गरी वास्तविक कृषक पहिचान गर्नुपर्नेछ।

ग. सामग्री प्राप्त गरेपछि कृषकले सोको सही सदुपयोग गर्नुपर्नेछ।

**१९. कृषि प्रवर्धन कार्यक्रम (वडा नं ६ विशेष) सम्बन्धी व्यवस्था**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२३४, विनियोजित रकम एक लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी वडा नं ६ का कृषकका लागि यो विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) वडा नं. ६ का कृषकहरूलाई व्यावसायिक कृषि कर्ममा हौसला प्रदान गर्न र उत्पादन लागत घटाउन एवं परम्परागत खेती प्रणालीलाई सुधार गर्न आधुनिक कृषि औजार, उन्नत बीउ र साना सिंचाई प्रविधिको प्रयोगमा वडाबासीको पहुँच पुर्‍याउन यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(३) यो कार्यक्रम ऐसेलुखर्क गाउँपालिकाको वडा नं. ६ भित्र स्थायी बसोबास गर्ने वा वडाभित्र जग्गा भाडामा लिई कृषि पेशा गर्ने कृषकहरूमा मात्र केन्द्रित हुनुपर्नेछ।

(४) यो कार्यक्रम "मागमा आधारित सामग्री सहयोग" प्रणालीमा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछ :

क. वडा कार्यालयले कृषक समूह वा टोल विकास संस्था मार्फत वडाभित्रका वास्तविक कृषकहरूको आवश्यकता पहिचान गर्नुपर्नेछ।

ख. संकलित माग र विनियोजित बजेट को सीमालाई मध्यनजर गरी वडा कार्यालय वा गाउँपालिकाले सार्वजनिक खरिद प्रक्रिया बमोजिम कृषि सामग्रीहरू खरिद गर्नुपर्नेछ।

ग. खरिद गरिएका सामग्रीहरूलाई कृषकको आवश्यकता अनुसार वर्गीकरण गरी वडा कार्यालयबाट निःशुल्क वितरण गर्नुपर्नेछ।

(५) कृषकको माग र आवश्यकताका आधारमा देहायका सामग्रीहरू उपलब्ध गराउन सकिनेछ :

क. प्लास्टिक टनेल/मल्चिङः बेमौसमी तरकारी खेतीका लागि सिल्पोलिन प्लास्टिक वा मल्चिङ प्लास्टिक।

ख. सिंचाई सामग्रीः प्लास्टिक पाइप, स्प्रिंक्लर, हजारी आदि।

ग. कृषि औजारः स्प्रेयर ट्याङ्की, सिकेटर, आरी, कोदालो आदि।

घ. बीउ बिजनः उन्नत जातका मकै, गहुँ, धान तथा तरकारीका बीउहरू।

ङ. अन्यः बाली संरक्षणका लागि जैविक विषादी, कृषि चुन आदि।

(६) लाभग्राहीको योग्यता तथा प्राथमिकता देहाय बमोजिमको हुनेछः

क. वडा नं. ६ को स्थायी बासिन्दा र नियमित कृषि कर्म गर्ने व्यक्ति हुनुपर्नेछ

ख. व्यावसायिक रूपमा तरकारी वा अन्नबाली खेती गरिरहेका कृषक, साना तथा सीमान्तकृत कृषक तथा दलित र महिला जस्ता कृषकलाई छनोटको प्राथमिकतामा राख्नुपर्नेछ।

(७) इच्छुक कृषकले आफूलाई आवश्यक सामग्री खुलाई अनुसूची-२२ बमोजिमको फारम भरी वडा कार्यालयमा निवेदन दिनुपर्नेछ, वडा समितिले सो माग निवेदकको पेसा र आवश्यकताको छानबिन गरी सामग्री उपलब्ध गराउने निर्णय गर्नुपर्नेछ।

(८) सामग्री प्राप्त गर्ने कृषकले सोको सही प्रयोग गरी उत्पादन बढाउनुपर्नेछ।

**२०. किवी थाक्रा व्यवस्थापन कार्यक्रम (वडा नं ७ विशेष) सम्बन्धी व्यवस्था**

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२६४, विनियोजित रकम दुई लाख रुपैयाँबाट खर्च बेहोर्ने गरी वडा नं ७ का कृषकका लागि यो विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) वडा नं. ७ को भौगोलिक अवस्था किवी खेतीका लागि उपयुक्त रहेकोले कृषकहरूलाई स्थायी प्रकृतिको (सिमेन्ट/फलाम) थाक्रा निर्माणमा सघाउ पुऱ्याई गुणस्तरीय किवी उत्पादनमा प्रोत्साहन गर्नु यसको उद्देश्य रहनेछ।

(३) यो कार्यक्रम "वडा स्तरीय छनोट र पालिका स्तरीय कार्यान्वयन" मोडेलमा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछः

क. लाभग्राहीको छनोट गर्ने अधिकार सम्बन्धित वडा समितिलाई हुनेछ।

ख. वडाबाट छनोट भई आएका कृषकहरूको लागत अनुमान गाउँपालिकाको प्राविधिक शाखाले तयार गर्नेछ र गाउँपालिकाको कार्यालयमा सम्झौता गर्नुपर्नेछ।

(४) विनियोजित बजेट को सीमाभित्र रही देहाय बमोजिम अनुदान वितरण गर्नुपर्नेछः

क. कोटा संख्याः जम्मा ४ (चार) जना कृषक/फर्म।

ख. अनुदान दरः प्रति कृषक एकमुष्ट रु. ५०,०००/- (पचास हजार)।

ग. लागत अनुमान अनुसारको अपुग रकम र निर्माण कार्यमा लाग्ने अन्य खर्च कृषक स्वयम्ले व्यहोर्नुपर्नेछ।

(५) देहायको योग्यता पुगेका कृषकहरू मध्येबाट वडा समितिले ४ जना लाभग्राही छनोट गर्नुपर्नेछः

क. वडा नं. ७ को स्थायी बासिन्दा वा वडाभित्र जग्गा भई कृषि पेशा गर्ने व्यक्ति।

ख. कम्तीमा १० (दस) बोट किवी हुर्काएको वा नयाँ रोपण गरेको कृषक (रु. ५०,००० अनुदानको औचित्य पुष्टि हुन)।

ग. थाक्रा निर्माणका लागि ५० प्रतिशत रकम वा श्रमदान व्यहोर्न मञ्जुर भएको।

घ. छनोट गर्दा पुराना कृषक, व्यावसायिक फर्म र विपन्न वर्गलाई प्राथमिकता दिनुपर्नेछ।

(६) अनुदान प्राप्त गर्न कृषकले अनिवार्य रूपमा सिमेन्टको पिलर (RCC) वा फलामको एङ्गल/पाइप प्रयोग गरी थाक्रा निर्माण गरेको हुनुपर्नेछ। बाँस वा काठको खम्बा प्रयोग गर्नेलाई अनुदान दिइने छैन।

(७) यो कार्यक्रम देहाय बमोजिम प्रक्रियामा कार्यान्वयन गर्नुपर्नेछः

क. वडा कार्यालयले सूचना जारी गरी अनुसूची-२३ बमोजिमको निवेदन संकलन गर्नेछ र वडा समितिको बैठकबाट उत्कृष्ट ४ जनाको नाम छनोट गरी गाउँपालिकामा सिफारिस सहित पठाउनुपर्नेछ।

ख. वडाको सिफारिस प्राप्त भएपछि गाउँपालिकाको प्राविधिकले स्थलगत निरीक्षण गरी रु. १,००,०००/- (एक लाख) बराबरको लागत अनुमान (Cost Estimate) तयार गर्नेछन्। (जसमा ५०% पालिका र ५०% कृषकको योगदान देखिनेछ)।

ग. लागत अनुमान स्वीकृत भएपछि कृषक र गाउँपालिका बीच सम्झौता गर्नुपर्नेछ।

घ. कृषकले निर्माण कार्य सम्पन्न गरेपछि प्राविधिक नापी, अनुगमन प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदनका आधारमा रु. ५०,०००/- कृषकको बैंक खातामा भुक्तानी दिनुपर्नेछ।

(८) अन्य प्राविधिक मापदण्ड तथा स्पेसिफिकेसन सम्बन्धी व्यवस्था दफा १३ बमोजिम नै हुनेछ।

## परिच्छेद — ३

## अनुगमन, पारदर्शिता तथा विविध व्यवस्था

**२१. अनुगमन तथा नियमनः**

(१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारिता, गुणस्तर र पारदर्शिता सुनिश्चित गर्न गाउँपालिका स्तरीय अनुगमन समितिले नियमित तथा आकस्मिक अनुगमन गर्नेछ।

(२) अनुगमन समितिले विशेषगरी लक्षित वर्ग छनोट प्रक्रिया, सामग्रीको गुणस्तर र लागत साझेदारीको यथार्थ अवस्थाको जाँचबुझ गर्नेछ।

(३) अनुगमनका क्रममा तोकिएको मापदण्ड पूरा नभएको वा कार्यक्रमको दुरुपयोग भएको पाइएमा अनुगमन समितिले तत्काल सुधार गर्न निर्देशन दिनेछ र सुधार नभएसम्म भुक्तानी रोक्का राख्न सिफारिस गर्नेछ।

**२२. वितरणमुखी कार्यक्रमको विवरण वेबसाइटमा सार्वजनिक गर्नुपर्नेः**

(१) सुशासन र पारदर्शिता कायम गर्न यस कार्यविधि बमोजिम वितरण गरिने राहत, अनुदान, कृषि औजार, बीउबिजन, टनेल तथा अन्य जिन्सी सामग्री प्राप्त गर्ने लाभग्राहीको विवरण अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्नेछ।

(२) सम्बन्धित शाखा वा वडा कार्यालयले सामग्री वा अनुदान वितरण सम्पन्न भएको ७ (सात) दिनभित्र लाभग्राहीको नाम, ठेगाना, प्राप्त गरेको सामग्रीको विवरण र परिमाण खुल्ने गरी गाउँपालिकाको आधिकारिक वेबसाइट र सूचना पाटीमा प्रकाशन गर्नुपर्नेछ।

**२३. अनुगमन खर्च तथा सवारी सुविधा सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका भित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको अनुगमन गरे बापत नियमानुसार तोकिएको पदाधिकारी वा कर्मचारीलाई बैठक भत्ता वा अनुगमन भत्ता उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि, अनुगमन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाको सवारी साधन प्रयोग गर्न वा उपलब्ध भएसम्म इन्धन सुविधा उपलब्ध गराउन भने यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(३) भौगोलिक विकटताका कारण गाउँपालिकाको सवारी साधन पुग्न नसक्ने वा उपलब्ध नहुने अवस्थामा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई सार्वजनिक सवारी साधन प्रयोग गर्न सकिनेछ र सोको वास्तविक भाडा बिल भरपाइका आधारमा भुक्तानी दिइनेछ।

**२४. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा वा अस्पष्टता सिर्जना भएमा प्रचलित कानुनको परिधिभित्र रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**२५. कार्यविधिको व्याख्या:** यस कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

**२६. खारेजी र बचाउः**

(१) यो कार्यविधि आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि मात्र तर्जुमा गरिएको विशेष व्यवस्था भएकोले आ.व. २०८३/०८४ को साउन १ गतेदेखि यो कार्यविधि स्वतः निष्क्रिय (खारेज) हुनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, यो कार्यविधि कार्यपालिकाबाट पछि स्वीकृत भएको अवस्थामा समेत आर्थिक वर्ष २०८२/०८३ को साउन १ गतेदेखि यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरूको हकमा भए/गरेका काम कारबाही तथा निर्णयहरू यसै कार्यविधि बमोजिम भए/गरेको मानिनेछ।

(३) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधि सक्रिय भएको अवधिमा सुरु भई सम्पन्न हुन बाँकी रहेका काम कारबाही, भुक्तानी वा सिर्जना भएको दायित्व फरफारक गर्न यसै कार्यविधि बमोजिम कारबाही चलाउन बाधा पर्ने छैन।

(४) यो कार्यविधिमा उल्लेख भएका विषयहरू सङ्घीय वा प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ।

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय खोटाङ

## अनुसूची - १

## (कार्यविधिको दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

प्राविधिक कर्मचारी फिल्ड भत्ता सञ्चालन तथा व्यवस्थापन मापदण्ड

यस कार्यक्रम अन्तर्गत फिल्ड भत्ता प्राप्त गर्नका लागि प्राविधिक कर्मचारीले देहाय बमोजिमको मापदण्ड तथा सर्तहरू अनिवार्य रूपमा पालना गरेको हुनुपर्नेछः

| क्र.सं. | विषय | पालना गर्नुपर्ने मापदण्ड तथा सर्तहरू |
|---|---|---|
| १ | न्यूनतम समय सीमा | • दैनिक अवधिः फिल्ड भत्ता प्राप्त गर्न एक दिनमा (आउने-जाने समय सहित) कम्तीमा ३ (तीन) घण्टा फिल्डमा बिताएको हुनुपर्नेछ। ३ घण्टा भन्दा कम समयलाई 'फिल्ड दिन' मानिने छैन।<br>• मासिक सीमाः एक कार्य महिनामा कम्तीमा १५ दिन अनिवार्य रूपमा गाउँपालिका भित्रका योजना स्थलमा भ्रमण गरेको हुनुपर्नेछ। |
| २ | भत्ताको अयोग्यता | • यदि कुनै कर्मचारीले महिनामा १५ दिन भन्दा कम (जस्तैः १४ दिन) मात्र फिल्ड भ्रमण गरेको भएमा सो महिनाको फिल्ड भत्ता रकम रु. ० (शून्य) हुनेछ।<br>• यसमा दामासाही प्रणाली लागू हुने छैन। |
| ३ | फिल्ड कार्यको परिभाषा | देहायका कार्यलाई मात्र 'फिल्ड' मानिनेछः<br>१. योजनाको सर्वेक्षण, लागत अनुमान तयारी, योजनाको ले-आउट, नापी र गुणस्तर परीक्षण<br>२. उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई कार्यस्थलमै दिइने प्राविधिक निर्देशन।<br>३. योजना सम्पन्न पछिको अन्तिम जाँचपास। |
| ४ | गणना विधि | • एक दिन एक गणनाः एउटै दिनमा जतिसुकै धेरै आयोजना स्थलमा भ्रमण गरेता पनि त्यसलाई १ (एक) दिन मात्र गणना गरिनेछ।<br>• सवारी प्रयोगः कार्यालयको सवारी साधन प्रयोग गरी फिल्ड गएको भएतापनि भत्ता भुक्तानी लिन बाधा पर्ने छैन। |

| क्र.सं. | विषय | पालना गर्नुपर्ने मापदण्ड तथा सर्तहरू |
|---|---|---|
| ५ | बन्देज तथा दोहोरो सुविधा | • अन्तरपालिका, अन्तर-जिल्ला वा सदरमुकाम भ्रमण गरी प्रचलित कानुन बमोजिम दैनिक भ्रमण भत्ता लिएको दिनलाई 'फिल्ड दिन' मा गणना गर्न पाइने छैन।<br>• बिदामा बसेको वा तालिम/गोष्ठीमा सहभागी भएको दिनलाई फिल्ड गणना गरिने छैन। |
| ६ | प्रमाणीकरणका आधार | • आयोजना स्थलको आगन्तुक पुस्तिका/लगबुक वा नापी किताब मा भ्रमण मिति र कैफियत जनाई दस्तखत गरेको हुनुपर्नेछ।<br>• आवश्यक परेको खण्डमा 'लोकेसन' र 'समय' खुल्ने तस्बिर वा डिजिटल प्रमाण पेश गर्नुपर्नेछ। |

(द्रष्टव्यः यो मापदण्ड पूरा गरेको यकिन भएपछि मात्र अनुसूची-२ बमोजिमको फारम भरी भुक्तानी प्रक्रिया अगाडि बढाइनेछ।)

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय खोटाङ

## अनुसूची - २

**(कार्यविधिको दफा ४ को उपदफा (६) सँग सम्बन्धित)**

फिल्ड भत्ता दाबीका लागि आवश्यक फारम तथा ढाँचाहरू

ऐसेलुखर्क गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ऐसेलुखर्क, खोटाङ

कोशी प्रदेश, नेपाल

आ.व. २०८२/०८३

खण्ड (क): मासिक फिल्ड भ्रमण विस्तृत प्राविधिक प्रतिवेदन

कर्मचारीको नामः ............................................................ पदः ...............................

महिनाः ............................

| मिति | वडा/स्थान | योजनाको नाम तथा कोड | सम्पन्न गरिएको मुख्य प्राविधिक कार्य | प्रस्थान समय | आगमन समय | जम्मा समय | प्रयोग भएको सवारी/पैदल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(नोटः यो विवरण कार्यालयको हाजिरी र नापी किताबको मितिसँग मेल खानुपर्नेछ।)

मैले पेश गरेको माथिको विवरण ठीक साँचो छ। झुट्टा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला।

**पेश गर्ने कर्मचारीको दस्तखतः** .......................................

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

आ.व. २०८२/०८३

खण्ड (ख): मासिक कार्यसम्पादन संक्षेप तथा भुक्तानी माग फारम

१. कर्मचारीको विवरणः

नामः ........................................................ पदः ..........................

दाबी गरिएको महिनाः ..........................

२. फिल्ड दिन तथा भत्ता गणना तालिकाः

| **विवरण (Description)** | **गणना/तथ्याङ्क** | **कैफियत** |
|---|---|---|
| क. कार्यालय दिनमा गरिएको फिल्ड भ्रमण संख्या | .............. दिन | |
| ख. सार्वजनिक बिदाको दिनमा गरिएको फिल्ड भ्रमण संख्या | .............. दिन | |
| ग. जम्मा वास्तविक फिल्ड दिन | .............. दिन | |
| *के जम्मा दिन (ग) १५ वा सोभन्दा बढी छ?* | *[ ] छ [ ] छैन* | यदि 'छैन' भने तलको रकम ० हुन्छ |
| घ. कर्मचारीको मासिक सुरु तलब स्केल | रु. ............................ | |
| ङ. प्राप्त गर्ने फिल्ड भत्ता रकम (घ × ५०%) | रु. ............................ | |
| च. पारिश्रमिक कर कट्टी (ङ × १५%) | रु. ............................ | |
| छ. बैंक खातामा जम्मा हुने खुद रकम (ङ - च) | रु. ............................ | |

**३. आवश्यक कागजात चेकलिष्ट (Tick Mark):**

- [ ] विस्तृत फिल्ड भ्रमण प्रतिवेदन संलग्न छ।



ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

- [ ] सार्वजनिक बिदाको दिन खटिएको फोटो/प्रमाण संलग्न छ।
- [ ] काज लिएको दिन र बिदा बसेको दिन यसमा जोडिएको छैन।

निज श्री...............................ले .................... महिनामा तोकिएको कार्यजिम्मेवारी पूरा गरी १५ दिनभन्दा बढी फिल्डमा खटिएको पाइएकोले भुक्तानीका लागि सिफारिस गर्दछु।

भौतिक पूर्वाधार शाखा प्रमुखको

दस्तखतः

नामः

पदः

मितिः

**<u>सामान्य प्रशासन शाखाले उल्लेख गर्ने:</u>**

हाजिरी तथा फिल्ड तथ्याङ्क

| क्र.सं. | विवरण | दिन संख्या |
|---|---|---|
| १ | महिनाको कुल दिन | |
| २ | सार्वजनिक बिदा (शनिबार सहित) | |
| ३ | कार्यालयमा उपस्थित (फिल्ड नगएको) | |
| ४ | काज वा बिदा बसेको | |
| **५** | **मापदण्ड पुगेको वास्तविक फिल्ड दिन** | |

निज श्री............................ कर्मचारीको...............महिनाको बिदा र काजको अभिलेख भिडान गर्दा विवरण दुरुस्त देखियो।

प्रशासन शाखा प्रमुखको

दस्तखतः

नामः

पदः

मितिः

स्वीकृति (प्रमुख प्रशासकीय अधिकृत):

प्रमुख प्रशासकीय अधिकृतको

दस्तखतः

नामः



ऐसेलुखर्क गाउँपालिकाको कार्यालय, खोटाङ

पदः
मितिः

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

## अनुसूची - ३

### (कार्यविधिको दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधिगत मापदण्ड

यस कार्यक्रम अन्तर्गत आर्थिक सहायता दाबी गर्न देहायका मापदण्ड र कागजातहरू अनिवार्य पेश गर्नुपर्नेछः

| क्र.सं. | सहायताको प्रकार (Category) | पेश गर्नुपर्ने अनिवार्य कागजात तथा प्रमाणहरू (Required Documents) | कैफियत/सर्त (Conditions) |
|---|---|---|---|
| १ | **उपचार सहायता** (कडा रोग/दुर्घटना) | १. बिरामीको नागरिकता/जन्मदर्ता प्रतिलिपि।<br>२. सरकारी अस्पतालको रोग खुल्ने प्रेस्किप्सन (Prescription) वा डिस्चार्ज सिट।<br>३. उपचारमा खर्च भएको वा लाग्ने अनुमानित बिल भर्पाई।<br>४. वडा कार्यालयको सिफारिस पत्र। | • विपन्न र असाहाय नागरिकलाई प्राथमिकता दिइनेछ।<br>• स्वास्थ्य बीमाबाट पूर्ण सुविधा पाएकालाई दोहोरो पर्ने गरी दिइने छैन। |
| २ | **विपद् राहत** (आगलागि/बाढी/पहिरो) | १. घटना प्रमाणित हुने प्रहरी मुचुल्का (Police Report)।<br>२. क्षतिको विवरण खुल्ने वडाको सिफारिस।<br>३. पीडित घरमूलीको नागरिकता। | • गाउँपालिकाको "विपद् व्यवस्थापन कोष" बाट राहत पाएकालाई यस शीर्षकबाट दिइने छैन।<br>• घटना भएको ३५ दिनभित्र निवेदन दिइसक्नुपर्नेछ। |

| क्र.सं. | सहायताको प्रकार (Category) | पेश गर्नुपर्ने अनिवार्य कागजात तथा प्रमाणहरू (Required Documents) | कैफियत/सर्त (Conditions) |
|---|---|---|---|
| ३ | **संस्थागत/सांस्कृतिक अनुदा** | १. संस्था दर्ता प्रमाणपत्र र नवीकरण (अद्यावधिक) भएको प्रमाण।<br>२. कार्यक्रम सञ्चालन गर्ने आधिकारिक निर्णय (माइन्युट)।<br>३. कार्यक्रमको विस्तृत प्रस्तावना र लागत अनुमान।<br>४. वडाको सिफारिस। | • व्यक्तिगत प्रयोजनका लागि संस्थागत अनुदान माग गर्न पाइने छैन। |
| ४ | **भुक्तानी विधि** | सम्बन्धित व्यक्ति वा संस्थाको बैंक खातामा मार्फत। | नगद (Cash) भुक्तानी पूर्ण रूपमा बन्देज गरिएको छ। |

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

## अनुसूची - ४

**(कार्यविधिको दफा ६ को उपदफा (६) सँग सम्बन्धित)**

आकस्मिक सेवा भत्ता सञ्चालन विधि

१. **भत्ता गणना विधिः** भत्ता रकम देहायको सुत्र प्रयोग गरी गणना गरिनेछः

**(क)** एक दिनको भत्ता दर $= \frac{\text{कुल मासिक भत्ता}}{३०}$

**(ख) कट्टी हुने रकम** = (एक दिनको भत्ता दर ×बिदा + काज + अनुपस्थित दिन)

**(ग) भुक्तानी योग्य रकम =** कुल मासिक भत्ता — कट्टी हुने रकम

(नोटः सार्वजनिक बिदाको दिन ड्युटी गरेको र सट्टा बिदा नलिएको दिनलाई 'अनुपस्थित' मानिने छैन।)

२. **भुक्तानी प्रक्रियाः** महिना समाप्त भएपछि स्वास्थ्य केन्द्र प्रमुखले कर्मचारीको हाजिरी र ड्युटी चार्ट रुजु गरी सोको भुक्तानी माग पत्र सहित प्रतिवेदन स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ। सो विवरण जाँच गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि १५% कर कट्टी गरी सम्बन्धित कर्मचारीहरुको बैंक खातामा रकम पठाइनेछ।

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

# अनुसूची - ५

## (कार्यविधिको दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

COMMUNITY HEALTH SCREENING & PRESCRIPTION SLIP

(घरदैलो स्वास्थ्य परीक्षण तथा उपचार पुर्जी)

Date: 208.../.... /....

Cluster/Ward No: ............. Tole: ...........................

| **S.N.** | **Patient Profile (Demographics)** | **Vital Signs (Examination)** | **Clinical History (Hx) & Chief Complaints (C/O)** | **Management / Treatment (Rx) (Medicines Dispensed)** | **Advice / Referral** |
|---|---|---|---|---|---|
| **1** | **Name:**<br>........................<br>**Age/Sex:**<br>...............<br>**Category:**<br>[ ] Geriatric (Senior)<br>[ ] Chronic Illness<br>[ ] PWD (Disability) | **BP:** .............<br>**PR:** .............<br>**SpO2:** .............<br>**Temp:** .............<br>**RBS:** .............<br>**Wt:** ............. | **Past Medical Hx:**<br>**C/O (Symptoms):**<br>**Current Meds:** | | **Advice:**<br>**Referral:**<br>**Reason:** |
| **1** | **Name:**<br>........................<br>**Age/Sex:**<br>...............<br>**Category:**<br>[ ] Geriatric (Senior)<br>[ ] Chronic Illness | **BP:** .............<br>**PR:** .............<br>**SpO2:** .............<br>**Temp:** .............<br>**RBS:** .............<br>**Wt:** ............. | **Past Medical Hx:**<br>**C/O (Symptoms):**<br>**Current Meds:** | | **Advice:**<br>**Referral:**<br>**Reason:** |

ऐसेलुखर्क गाउँपालिकाको कार्यालय, खोटाङ

| **S.N.** | **Patient Profile (Demographics)** | **Vital Signs (Examination)** | **Clinical History (Hx) & Chief Complaints (C/O)** | **Management / Treatment (Rx) (Medicines Dispensed)** | **Advice / Referral** |
|---|---|---|---|---|---|
| | [ ] PWD (Disability) | | | | |

..............................................................
Examined By (Health Worker)
Name:
Desig:
NMC/NHPC No:

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

## अनुसूची - ६
### (कार्यविधिको दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

अतिरिक्त कक्षा सञ्चालन कार्यसम्पन्न प्रतिवेदन तथा भुक्तानी माग फारम

**१. विद्यालयको विवरणः**

विद्यालयको नामः ........................................................

वडा नं.: ..................

सम्पर्क नं.: ....................................

**२. कक्षा सञ्चालन विवरणः**

- सुरु भएको मितिः ..........................
- सम्पन्न भएको मितिः ..........................
- जम्मा सञ्चालन दिन (कार्यदिन): .......................... दिन
- समय तालिकाः बिहान/बेलुका (........... बजे देखि ........... बजे सम्म)

**३. विषयगत सञ्चालन तथा उपस्थिति विवरणः**

| क्र.सं. | तह (८ वा १०) | विषय | विषय शिक्षकको नाम | जम्मा पिरियड | औसत विद्यार्थी उपस्थिति (%) |
|---|---|---|---|---|---|
| १ | | अंग्रेजी | | | |
| २ | | गणित | | | |
| ३ | | विज्ञान | | | |

**४. नतिजा विश्लेषणः**

| विषय | Pre-Test औसत प्राप्ताङ्क | Post-Test औसत प्राप्ताङ्क | कैफियत (सुधार भयो/भएन) |
|---|---|---|---|
| अंग्रेजी | | | |
| गणित | | | |
| विज्ञान | | | |

**५. संलग्न कागजातहरू (Checklist):**

- [ ] सम्बन्धित विषय शिक्षक र विद्यार्थीको प्रमाणित हाजिरी प्रतिलिपि।
- [ ] कक्षा सञ्चालन भइरहेको अवस्थाका स्पष्ट तस्बिरहरू।

ऐसेलुखर्क गाउँपालिका कार्यपालिकाको कार्यालय, खोटाङ

- [ ] प्रधानाध्यापकबाट प्रमाणित कार्यसम्पन्न प्रतिवेदन।

माथि उल्लेखित विवरण सत्य तथ्य छ। तोकिएको मापदण्ड र कार्यदिन (३० दिन) पूरा भएको व्यहोरा प्रमाणित गर्दै भुक्तानीका लागि सिफारिस गर्दछु।

.........................................

प्रधानाध्यापकको दस्तखत

मितिः ...........................

विद्यालयको छाप

---

सिफारिस (शिक्षा शाखाको प्रयोगार्थ)ः

श्री................................. विद्यालयले पेश गरेको कागजात र अनुगमन गर्दाको आधारमा निज विद्यालयले ...... दिन कक्षा सञ्चालन गरेको र तोकिएको मापदण्ड पूरा गरेको/नगरेको देखिँदा नियमानुसार रु. ........................... भुक्तानीका लागि सिफारिस गर्दछु।

.........................................

शिक्षा शाखा प्रमुख

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

## अनुसूची - ७

### (कार्यविधिको दफा १० को उपदफा (४) को (ख) सँग सम्बन्धित)

कार्यक्रममा सहभागी हुन पेश गर्ने विस्तृत निवेदन तथा प्रस्ताव फारमः

**मितिः** २०८.../..../....

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय,
ऐसेलुखर्क, खोटाङ।

**विषयः** तोरी प्रशोधन मिल स्थापना (५०% अनुदान) कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको सम्बन्धमा।

ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "तोरी प्रशोधन मिल स्थापना (५०% सहयोग)" (क्रियाकलाप संकेत नं १६२.२२.१.२८९) कार्यका लागि प्रकाशित सूचना बमोजिम हाम्रो समूह/सहकारी/फर्म योग्यता पुगेको हुनाले तोकिएको कागजात र विस्तृत विवरण यसै निवेदन साथ संलग्न राखी पेश गरेका छौं।

मैले/हामीले तल भरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरिए कानुन बमोजिम सहुँला बुझाउँला।

१. आवेदक संस्थाको विस्तृत विवरण (Organization Profile)

| विवरण | भर्नुपर्ने जानकारी |
|---|---|
| समूह/फर्म/सहकारीको नामः | ........................................................................................ |
| दर्ता नं र मितिः | दर्ता नंः .............................. मितिः ........................................... |
| स्थायी लेखा नं (PAN): | ........................................................................................ |
| कार्यालयको ठेगानाः | वडा नंः ........, टोलः .................................................................. |
| सम्पर्क व्यक्ति र पदः | नामः .................................................... पदः ................................ |
| सम्पर्क मोबाइल नंः | ........................................................................................ |

| विवरण | भर्नुपर्ने जानकारी |
|---|---|
| समूहको सदस्य संख्याः | महिलाः ……… जना। पुरुषः ……… जना। जम्माः ……… जना |
| लक्षित वर्गको संख्याः | दलितः …… जना। जनजातिः …… जना। वैदेशिक रोजगार फिर्ताः …… जना |

## २. प्रस्तावित मिलको प्राविधिक विवरण (Technical Specification)

### (क) स्थान र पूर्वाधारः

- मिल स्थापना हुने स्थानः वडा नंः ……..,टोलः ………………………………………………………
- भवन/टहराको अवस्थाः

[ ] आफ्नै पक्की भवन

[ ] आफ्नै कच्ची टहरा

[ ] भाडाको घर (सम्झौता अवधिः …… वर्ष)

- विद्युत पहुँचको अवस्थाः

[ ] ३-फेज (3-Phase) लाइन जडान भइसकेको

[ ] १-फेज (Single Phase) लाइन भएको

[ ] बिजुलीको पोल नजिकै रहेको (दुरीः …… मिटर)

- सडक पहुँचः

[ ] मिलको ढोकासम्मै गाडी पुग्ने

[ ] मुख्य सडकबाट १० मिनेट भित्र

[ ] सडक सुविधा नभएको

### (ख) खरिद गरिने मेसिनको विवरण (कोटेशन अनुसार):

- मेसिनको ब्रान्ड/कम्पनीः ……………………………………………………………………
- प्रति घण्टा पेल्ने क्षमताः …………………… के.जी./घण्टा
- एक्सपेलरको साइज (Bolt): …………………… बोल्ट (Bolt)
- मोटरको क्षमता (HP): …………………… एच.पी.
- फिल्टरको किसिमः [ ] फिल्टर प्रेस (प्लेट) [ ] सामान्य कपडा फिल्टर

## ३. कच्चा पदार्थ र उत्पादन योजना (Raw Material Plan)



ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

- तोरीको मुख्य स्रोतः

[ ] समूहका सदस्यहरूको आफ्नै खेती

[ ] गाउँका अन्य कृषकबाट संकलन/खरिद

- वार्षिक अनुमानित उत्पादन/पेलाईः ........................ मुरी (वा ........................ केजी)
- कच्चा पदार्थ सुनिश्चितताः

के तपाईंले तोरी खरिद गर्न कृषकहरूसँग सम्झौता गर्नुभएको छ? [ ] छ (संख्याः ...... जना) [ ] छैन

- मिल सञ्चालन अवधिः वर्षमा ........................ महिना सञ्चालन हुने।

---

**४. वित्तीय प्रस्ताव (Financial Proposal)**

***(नोटः मेसिनरी खरिदमा मात्र ५०% वा बढीमा १ लाख अनुदान पाइनेछ। अन्य खर्च निवेदक आफैले बेहोर्नुपर्नेछ)***

| क्र.सं. | खर्चको विवरण | कुल अनुमानित लागत (रु.) | माग गरेको अनुदान (रु.) | संस्था/फर्मले बेहोर्ने रकम (रु.) |
|---|---|---|---|---|
| १ | मेसिनरी तथा उपकरण खरिद | ............................ | ............................ | ............................ |
| २ | ढुवानी खर्च | ............................ | - (स्वयम्) - | ............................ |
| ३ | मेसिन जडान (Installation) | ............................ | - (स्वयम्) - | ............................ |
| ४ | भवन/टहरा मर्मत सम्भार | ............................ | - (स्वयम्) - | ............................ |
| ५ | विद्युत जडान/वायरिङ | ............................ | - (स्वयम्) - | ............................ |
| | कुल जम्मा | ............................ | ............................ | ............................ |

- **संस्थाले बेहोर्ने रकमको स्रोतः** [ ] बैंक मौज्दात [ ] ऋण [ ] सदस्यबाट संकलन

---

**५. बजार, दिगोपन र सहुलियत योजना**

ऐसेलुखर्क गाउँपालिकाको कार्यालय, खोटाङ

- उत्पादित तेलको बजारः [ ] सदस्यहरू भित्र खपत [ ] स्थानीय बजार/पसल [ ] शहर निर्यात
- ब्रान्डिङः के तपाईँ तेल प्याकेजिङ र लेबलिङ गर्नुहुन्छ? [ ] गर्छु [ ] गर्दिन (खुल्ला बेच्छु)
- मर्मत योजनाः मेसिन बिग्रँदा मर्मत गर्ने प्राविधिक को छ? नामः ...............................................
- स्थानीय सहुलियतः गाउँपालिकाका कृषकलाई बजार दरमा कति प्रतिशत छुट दिनुहुन्छ? ....... %

**६. स्वघोषणा (Self-Declaration)**

**<u>यसै निवेदन मार्फत म/हामी निम्न कुरामा प्रतिबद्धता व्यक्त गर्दछौं:</u>**

१. यो कार्यक्रमका लागि पेश गरिएका कागजातहरू नक्कली ठहरिएमा कानुन बमोजिम कारबाही भोग्नेछु।

२. हामीले विगत ३ वर्षभित्र अन्य सरकारी निकायबाट तोरी मिलमा अनुदान लिएका छैनौं।

३. अनुदानमा प्राप्त मेसिनरी तथा उपकरणहरू कसैलाई बिक्री, हक हस्तान्तरण गर्न, धितो वा बन्द गर्ने छैनौं ।

४. कार्यविधिमा उल्लेख भए बमोजिम "ऐसेलुखर्क गाउँपालिकाको सहयोग" लेखिएको बोर्ड राख्नेछौं।

---

**७. संलग्न कागजातहरूको चेकलिष्ट (Checklist)**

*(निवेदन बुझाउनु अघि यी कागजात छन्/छैनन् रुजु गरी टिक (√) लगाउनुहोस्)*

- अनिवार्य कागजातहरूः
    - [ ] रीतपूर्वक भरिएको यो निवेदन फारम।
    - [ ] समूह/फर्म/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण भएको)।
    - [ ] स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र।
    - [ ] आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र।
    - [ ] सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
    - [ ] जग्गा धनी प्रमाण पुर्जा वा घर भाडा सम्झौताको प्रतिलिपि।
    - [ ] नागरिकताको प्रतिलिपि (अध्यक्ष/सञ्चालकको)।
- मूल्याङ्कनका लागि आवश्यक थप कागजातहरूः

- [ ] ५०% रकम साझेदारी गर्ने सम्बन्धी समूहको निर्णय (माइन्युट) वा प्रतिबद्धता पत्र।
- **[ ]** बैंकमा रकम मौज्दात रहेको स्टेटमेन्ट (Statement) वा ऋण स्वीकृत पत्र।
- [ ] मेसिनरी आपूर्तिकर्ताको भ्याट (VAT) सहितको कोटेशन (कम्तीमा २ वटा)।
- [ ] विस्तृत व्यावसायिक कार्ययोजना (Business Proposal) ।

निवेदकको तर्फबाटः

हस्ताक्षरः ..................................................

नामः ..........................................................

पदः ..........................................................

